हामी र हाम्रो अधिकार

हामी र हाम्रो अधिकार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, काठमाडौं
पोष्ट बक्स २७२६ फोन नं. २७०७७०

हामी र हाम्रो अधिकार

पहिलो संस्करण : ०५२ असार

संख्या : एकहजार प्रति

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

Digitized By: Bimal Chandra Sharma

मूल्य : रु. १०।-

मुद्रक : इन्द्रेणी अफसेट प्रेस

बागबजार

फोन : २२५९५४

हाम्रो अधिकार के हो ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) विगत ६ वर्षदेखि मानवअधिकार सचेतन अभियानमा निरन्तर रूपमा सक्रिय रहँदै आएको छ। यो कुरा सबैलाई विदितै छ। मानवअधिकारको सैद्धान्तिक अवधारणालाई व्यवहारको धरातलमा नउतारेसम्म कुनै परिवर्तन देखा पर्न सक्दैन। इन्सेक यही मान्यताका साथ आधारभूत जनसमुदायमाझ मानवअधिकार सचेतन कार्यक्रम संचालन गर्दैछ।

इन्सेकले एकातिर राज्यद्वारा मानवअधिकारको सम्मान गरिनु पर्दछ भन्ने कुरामा जोड दिँदै आएको छ। अर्कोतिर यस संस्थाले जनता स्वयं मानवअधिकारको उपभोग र संरक्षण गर्ने कुरामा अग्रसर हुनु पर्छ भन्ने कुरा उठाउँदै आएको छ।

इन्सेकले आफ्नो सचेतन कार्यक्रम अन्तरगत यही मान्यतालाई निरन्तर अगाडि बढाउँदै आएको छ। प्रस्तुत सचित्र पुस्तक सोही अभियानलाई अझ अघि बढाउने क्रममा तयार भएको छ। पुस्तकको तयारी गर्ने केदार न्यौपानेलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यस्तै उहाँको लेखनलाई चित्रमा उतार्नु हुने सुमन मानन्धर र पुस्तकको साजसज्जा गर्नु हुने किरण माली पनि धन्यवादका पात्र हुनु हुन्छ।

मानवअधिकार बारे बुझ्न चाहने आधारभूत तहका पाठकहरूका लागि पुस्तक उपयोगी हुन सक्ने हाम्रो ठम्याई रहेको छ। हामी को हौं ? र हाम्रो अधिकार के हो ? पुस्तकमा यिनै प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ।

सुशील प्याकुरेल

अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

हाम्रो पृथ्वी

आफू उभिएको ठाउँबाट हामी चारैतिर हेरौ। के देख्छौं ? अग्ला-होचा पहाडहरू, डाँडाकाडा, मैदान र स्वोंचहरू, जंगल, ताल र नदी नालाहरू आदि इत्यादी। यी सवै हामीले देख्ने कुराहरू हुन्। यो नै पृथ्वी हो। तर पृथ्वी हामीले देखे जत्रो मात्र छैन - हामीले देखेको त पृथ्वीको वाहिरी भागको एउटा सानो खण्ड मात्रै हो। पृथ्वी धेरै ठूलो छ र यसको आकार सुन्तलाको दाना जस्तै गोलो छ। गोलो पृथ्वीको वाहिरी भागलाई सतह भनिन्छ। पृथ्वीको सतहमा ४ भागमा ३ भाग पानि एक भाग जमीन पर्दछ। पानीले ढाकिएको ठूलो भागलाई महासागर र जमीनले ढाकिएको ठूलो भागलाई महादेश भन्दछन्। अहिले पृथ्वीमा - पाँचवटा समुन्द्र छन्। तिनीहरूको नाम - प्रसान्त महासागर, हिन्द महासागर, आन्ध्र महासागर, उत्तर ध्रुवीय महासागर र दक्षिण ध्रुवीय महासागर हो। महादेशहरू ७ वटा छन्। तिनलाई - एशिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, युरोप, अष्ट्रेलिया र एण्टार्कटिका भनिन्छ। हामी वस्ने महादेशको नाम "एशिया" हो।

पृथ्वीको वरिपरि घुम्ने हो भने लगभग चालिस हजार दुई सय उनन्तीस कि.मि. दुरी पार गर्नु पर्छ। त्यस्तै पृथ्वीको सतहबाट तलतीर यसको मध्य भागमा पुग्नलाई ६ हजार चार सय कि.मि. दुरी पार गर्नु पर्छ। यसबाट पृथ्वी कति ठूलो छ भन्ने अन्दाज गर्न सकिन्छ।

के पृथ्वी शुरूमै आजको जस्तो थियो ? आकाशमा हामीले चम्किलो सूर्य देखेका छौं - र त्यो तातो हुन्छ भन्ने कुरा हामीलाई अनुभव भै सकेको छ। आजभन्दा चार अरव पचास करोड वर्ष अघिको कुरा हो - एउटा लामपुच्छे तारा वेगले हुत्तिएर सूर्यको नजिकैबाट आयो र कतै गयो। त्यो सूर्य भन्दा धेरै ठूलो थियो। वेगले हुत्तिएर आउँदा त्यसको शक्तिले सूर्यबाट

केही टुक्राहरू चोइटिए र अलग भए। यसरी अलग भएका टुक्राहरू नौ वटा थिए। यी टुक्राहरू चोइटिए पनि सूर्यको वरिपरि घुम्दै रहे। आज यिनीहरूलाई नौ ग्रह भनिन्छ। ती मध्येकै पृथ्वी एउटा ग्रह हो जहाँ हामी वसेका छौं। अहिले पनि यो सूर्यको वरिपरि घुम्छ। दिन रात हुनको कारण पनि यही हो। घुम्दा जुन भाग सूर्य तिर पर्छ त्यो उज्यालो हुन्छ जुन भाग सूर्यतिर पर्दैन त्यो अँध्यारो हुन्छ। यसको मतलव पृथ्वी सुरूमा आजको जस्तो थिएन - यो एउटा तातो ग्याँसको डल्लो थियो। यहाँ आज हामीले देखे जस्तो जमीन, पानी जंगल, जीव जन्तु केही थिएन। यो ग्याँसको डल्लो विस्तारै चीसो हुँदै गयो। सेलाउँदै गएपछि पृथ्वी ग्याँसको डल्लो रहेन। यो ठोस वस्तुमा वदलियो र आजको रूपमा देखा पऱ्यो। भनिन्छ पृथ्वीलाई सेलाउन ३ अरव वर्ष लाग्यो। अहिले पनि पृथ्वीको भित्री भाग - धेरै तातो छ र त्यो सेलाएको छैन। यो कुरो अचम्म लाग्दो छ - तर साँचो हो। किनभने वैज्ञानिकहरूले धेरै मेहनत गरेर खोजीनीति गर्दा प्रमाण जुटाएर पत्तालगाएको कुरा हो यो। वैज्ञानिक भनेका प्रमाण जुटाएर बोल्ने मानिस हुन्। प्रमाण जुटाएको कुरा साँचो हुन्छ।

प्रश्नहरू

१. पृथ्वी भनेको के हो ?
२. सतह केलाई भनिन्छ ?
३. पृथ्वीको आकार कस्तो छ ?
४. महादेश भनेको के हो ? महादेशका नाम भन्नु होस्।
५. महासागर केलाई भनिन्छ ? महासागरका नाम भन्नु होस्।
६. हामी वसेको महादेशको नाम के हो ?
७. पृथ्वीको उत्पति कहिले र कसरी भयो ?
८. सुरूमा पृथ्वी कस्तो थियो ?
९. पृथ्वीलाई सेलाउन कति वर्ष लाग्यो ?
१०. दिन रात किन हुन्छ ?
११. वैज्ञानिक कस्तालाई भनिन्छ ?
१२. कस्तो कुरा साँचो हुन्छ ?

जीवको उत्पत्ति र विकास

किरा-फट्याङ्ग्रा, मुसा, विराला, गाई, भैंसी, भेडा, वाख्रा देखि लिएर मानिस सम्मको गिन्ति गर्ने हो भने अहिले पृथ्वीमा करोड भन्दा बढी जातका जीवहरू पाइन्छन्। तर सबै जीवको उत्पत्ति र विकास एकै पटक भएको होइन। हामीले थाहा पाइ सकेको छौं - पृथ्वी शुरूमा ज्यादै तातो थियो र यसलाई सेलाउन मात्रै ३ अरव वर्ष लाग्यो। तीन अरव वर्षसम्म पृथ्वीमा कुनै पनि जीव वाँच्न सक्ने स्थिति पैदा भएको थिएन। भनिन्छ १ अरव ५० करोड वर्ष अघिमात्र पृथ्वीमा जीव जन्मन र वाँच्न सक्ने वातावरण देखा पऱ्यो।

पृथ्वीको खोज गर्ने वैज्ञानिकहरू भन्छन् - एक अरव पचास करोड वर्ष अघि पानीमा वनस्पति र प्राणी भनेर छुट्याउन नसकिने खालको एउटा वस्तु देखा पऱ्यो। त्यसलाई जीवाणु भनिन्छ। जीवाणु देखा परेको धेरै-धेरै वर्ष पछि तीनै जीवाणुहरू भित्र जीववीज पैदा भयो। यसलाई वैज्ञानिकहरूले मनेरा भन्ने नाम दिएका छन्। मनेरा संसारको सबभन्दा पहिलो जीव हो र त्यसैबाट आजका करोडौं प्राणीहरू प्रकट भएका छन्।

सबभन्दा स्पष्ट देखिने पहिलो जीवको उत्पत्ति भने आजभन्दा ५७ करोड वर्ष अगाडि भयो। यो मनेराबाटै विकास भएको थियो र यसको डँडाल्नो थिएन। यो जीव पानीमा मात्रै वस्न सक्ने भएको हुँदा यसलाई जलचर पनि भनिन्छ। विस्तारै डडाल्नो नभएका जलचरहरूबाट डँडाल्नो भएका पानी र जमीन दुवै ठाउँमा घस्रेर हिंड्न सक्ने प्राणीहरू देखा परे। पानी र जमीन दुवै ठाउँमा वस्न सक्ने भएको हुँदा यस्ता प्राणीहरूलाई उभयचर भनिन्छ। सात करोड वर्ष अघिसम्म पृथ्वीमा यस्तै मात्र प्राणीहरू थिए। यिनै उभयचर प्राणीहरूबाट पृथ्वीमा लाखौं थरिका स्तनपायी जनावरहरू प्रकट भए। यो सात करोड वर्ष यताको कुरा हो।



सभ्यताका मालिक हामी

हामी मानिस यो धर्तिमा आएको १० लाख वर्षभन्दा बढ्ता भयो। हाम्रो विकास वानर जातीबाट भएको भनिन्छ। हाम्रो शुरूको संसार आजको जस्तो थिएन। हामी खेतीपाती गर्न जान्दैनथ्यौं। हामीसंग गतिलो औजार थिएन - ढुंगाको हतियारले जंगलमा डुली-डुली शिकार मारेर खाने गर्थ्यौं। हाम्रो खाना नै शिकार थियो। हामीलाई घर कसरी बनाउने थाहा थिएन। हामी ओडारमा वस्ने गर्थ्यौं। एक्लै दुक्लै वस्दा जंगली जनावरको डर हुन्थ्यो - शिकार मार्न पनि गाह्रो हुन्थ्यो। त्यसैले हामी मिलेर समुहमा वस्थ्यौ - भएको चीज बाँडी चुँडी खान्थ्यौं। सजिलो गरी वाँच्नको निम्ति हामीले धेरै मेहनत गर्‍यौं। ढुंगाको औजारले काम चलेन - धातु पत्ता लगायौं र धातुका औंजारहरू वनायौं। शिकारले मात्र पेट नभरिने भयो - नौ हजार वर्ष अघि अन्नको पत्ता लगायौं र खेतीपाती गर्न सिक्यौं। पशुलाई घरमै पालेर आफ्नो निम्ति उपयोग गर्न थाल्यौं। ओडारमा वस्न कठिन भएको हुँदा विमिन्न प्रकारका घरहरू वनाउन सिक्यौं। नाङ्गै हिड्दा जाडो सहन कठिनाई पर्ने र जीउको असुरक्षा हुने भएकोले - कपडा पनि वुन्न सिक्यौं। यसो गर्दै दुनियाँ अगाडि बढ्यो र आजको जस्तो भयो।

आज ओडारको सट्टा मानिस वस्ने ठूला-ठूला महलहरू छन्। ढुंगाको औजारको सट्टा काम गर्ने विभिन्न प्रकारका फलामे मेशिनहरू छन्। चाहे अनुसार हामी अन्न फलाउन सक्छौं। कारखानाबाट माल तयार गर्न सक्छौं। पैदल हिडाईको सट्टा उड्ने र गुडने मोटर र जहाजहरू छन्। घरमै वसेर संसारमा भएको घटना देख्न र सुन्न सक्छौ। यो सवै प्रगति हाम्रो मेहनत र श्रमको फल हो। प्रगतिलाई सभ्यता भनिन्छ। सभ्यता मेहनत र श्रमको फल हो। सभ्यता

हामी शक्तिशाली छौं

मानिस यसो हेर्दा अरू कैयौ जनावर भन्दा दुव्लो र लुरे देखिन्छ। तर संसार उसकै वुद्धि र तागतले गर्दा फेरिएर यहाँसम्म पुगेको हो। ठूलठूला हिंस्रक जनावरहरूलाई मानिसले तह लगाएर आफ्नो कब्जामा लिएको छ। अनकण्टार जंगलको ठाउँमा आवादी, जमीन र शहर वनाएको छ। नदी र सागरलाई थुनेर आफ्नो उपयोगमा ल्याई संसारलाई हराभरा र उज्यालो बनाएको छ, यो सबै मानिसको काम हो। यो भन्दा अघिल्लो पाठमा पनि हामीले यो कुरा वुझ्यौं। त्यसैले हामी मानिस सवै प्राणी भन्दा शक्तिशाली मानिन्छौं। तर हामी मध्ये घेरैलाई हामी कति वलिया छौं भन्ने कुरा अहिलेसम्म पनि थाहा नै छैन। आफ्नू वल आफैलाई थाहा नहुँदा - आफूले गर्न सक्ने कामको पनि आँट हामीमा आउँदैन। त्यति मात्र होइन आफैले गरेको कामलाई पनि अरूले गरिदिए जस्तो लाग्छ। त्यसैले, हामीले आफ्नो वल थाहा पाउनु पर्छ। आफ्नो शक्ति आफै नबुझ्ने मानिसले कहिल्यै प्रगति गर्न सक्तैन।

प्रश्नहरू

१. मानिसलाई किन शक्तिशाली प्राणी भनिएको ?
२. आफ्नो शक्ति आफैलाई थाहा नहुँदा के हुन्छ ?
३. कस्तो मानिसले प्रगति गर्न सक्तैन ?



मानिसका विभिन्न तह

एउटा जमाना यस्तो थियो - मानिसहरूसंग काम गर्ने शीप र राम्रो औजार ठ्याम्मै थिएन। उव्जनी कम हुन्थ्यो - खानेकुरा भनेको शिकार र कन्दमूल मात्रै थियो। वचत हुन्थेन। मानिसले समूहमा वसेर मात्र खानेकुरा प्राप्त गर्न र आफ्नो रक्षा गर्न सक्दथ्यो। किनभने एक्ला एक्लै काम गर्न र वस्न सक्ने स्थिति नै थिएन। मानिसका समुह फरक फरक ठाउँमा हुन्थे। तर एउटा समूहको अर्को समूहसंग लडाई भने रहन्थ्यो। समुहमा वस्ने मानिसहरू मिलेर काम गर्थे र प्राप्त चीज वाँडीचुडी खान्थे। मानिसहरू वीचमा गरीव-धनी, ठूलो-सानो भन्ने कुनै भेदभाव रहेको थिएन। यो कुरा माथि पनि चर्चा भैसकेको छ। तर सधैंभरी यो स्थिति कायम रहेन। कामको शिलशिलामा मानिसले राम्रो औजार वनाउन जान्यो र शीप पनि सिक्यो। यसले कामको क्षेत्रलाई बढायो। यसो हुँदा उव्जनीमा वृद्धि भयो र वचत समेत हुन थाल्यो। यो स्थितिले अर्को नयाँ स्थितिको सिर्जना गरिदियो। मानिसहरूको एउटा समूहले अर्को समुहलाई काम लगाउने चलन शुरू भयो। वाठा र वलियाहरू काम लगाउनेमा परे - सोझो र निमुखा काम गर्नेमा परे। यसरी मानिसहरू वर्गमा वाँडिए। भेदभाव शुरू भयो। वर्ग भनेको उव्जनीको काममा जोडिएका मानिसहरूको समुह हो। काम लगाउनेहरूलाई मालिक र काम गर्नेहरूलाई दास भनियो। दासहरू काम गर्थे उव्जनी मालिकहरूको हुन्थ्यो। नियम कानून मालिकहरूको पक्षमा वने। दासहरूलाई पशु सरह किनवेच गर्न सकिन्थ्यो - मनलाग्दी मारपीट गर्न सकिन्थ्यो। दासहरू विमारी भएर अथवा वूढो भएर काम गर्न असक्त भए टाढा कतै लगेर मिल्काई दिने चलन थियो। यस्तो प्रथालाई दास प्रथा भन्दछन्। यो प्रथा धेरै लामो समय सम्म चल्यो। यो प्रथाको विरोधमा ठूला-ठूला लडाई र विद्रोह भए। यही कारणले दुनियामा यस्तो प्रथाको अन्त्य भयो। मानिसहरूको किनवेच वन्द गरियो। तर दास प्रथाको अन्त्य भए पनि मानिसहरू वीचको भेदभाव चाहि अन्त्य भएन। मानिसका नयाँ-नयाँ समुहहरू देखा पर्दै गए। जमिन्दारी प्रथा शुरू भयो। जमिन्दारी प्रथालाई सामन्तवादी व्यवस्था पनि भनिन्छ। धेरै मुलुकमा अझ पनि त्यो छदैछ। हाम्रै देशको कुरा गर्ने हो भने आज पनि मानिसहरू थुप्रै समूहमा वाँडिएको हामी देख्छौं। शहरतिर मानिसहरू मुख्य रूपले चार समूहमा बाँडिएका

भेटिन्छन् - तिनीहरूलाई ठूलो पूँजिपति, मध्यम पूँजिपति, निम्न पूँजिपति र मजदूर भनिन्छ। ठूलो कारखानाको मालिकलाई ठूलो पूजिपति, सानो तिनो कारखानाको मालिक र व्यपारीलाई मध्यम पूँजिपति, स-साना पसलेहरूलाई निम्न पूँजिपति र ज्यालामा काम गर्ने उत्पादनको साधान नभएकाहरूलाई मजदूर भनेर चिनिन्छ। गाउँतिर पनि मानिसहरू अलग-अलग समूहमा वाँडिएका छन् - तिनलाई जमिन्दार, किसान र कृषि मजदूर भन्ने गरिन्छ। जमिन्दार भनेका शारीरिक श्रममा भाग नलिने जमीनका मालिकहरू हुन्। आफै काम गर्ने जमीनका मालिकहरूलाई किसान भनिन्छ। तर यिनीहरू पनि चार तहमा वाँडिएका छन् - धनी किसान, मध्यम किसान, निम्न मध्यम किसान र गरीव किसान। गाउँमा आफ्नो जमीन नभएका ज्यालामा कृषिको काम गरेर पेट पाल्ने मानिसहरूको समूहलाई कृषि मजदूर भनिन्छ। जमिन्दारको आम्दानी किसान र कृषि मजदूरको श्रमबाट हुन्छ।

मानिसहरूका अलग-अलग समूह भएका कारण आवश्यकताहरू पनि अलग अलग हुन्छन। यसले गर्दा मानिसहरूको सोचाई र व्यवहार पनि फरक-फरक नै हुन्छ। मानिसहरूको विभिन्न तह भएको आजको यो प्रथामा थोरै मानिस मात्र हुने खाने र श्रममा दिन रात जोतिनु पर्ने धेरै जसो मानिसहरू चाहिं गरीव दुःखी छन। मानिस मानिस वीचमा टक्कर भैरहने कारण पनि यही हो। त्यसै कारण मानिसहरू यो प्रथाको विरोध गरेर समतामुलक समाजको माग गरिरहेका छन्। समतामुलक समाज भनेको - तह नभएको समाज हो जहाँ सवै मानिस वरावर हुन्छन्।

प्रश्नहरू

१. वर्ग भनेको के हो ?
२. के कारणले वर्गको उत्पति भयो ?
३. कस्तो प्रथालाई दास प्रथा भनिन्छ ?
४. कस्ता मानिसहरूलाई दास भनिन्छ ?
५. दास प्रथाको अन्त्य किन भयो ?
६. पूँजिपति र जमिन्दारमा के भिन्नता छ ?
७. किसानहरू कति तहका छन् ?
८. कृषि मजदूर कसलाई भनिन्छ ?
९. जमिन्दार र किसानमा के भिन्नता छ ?
१०. मानिसका सोचाई र व्यवहार किन फरक पाइन्छन ?
११. मानिसहरू कस्तो समाज चाहन्छन् ?
१२. मानिस-मानिस वीचमा टक्कर भैरहने मूल कारण के हो ?

राज्य सत्ता

मानिसहरू विभिन्न वर्गमा वाँडिनु भन्दा अगाडि मानिसले मानिसलाई थिचोमिचो गर्ने परिपाटी थिएन भन्ने कुरा हामीलाई अगाडिको पाठबाट पनि थाहा भैसकेको छ। प्रकृतिका संकटहरू जस्तै - आँधीहुरी, वाढी-पहिरो, वर्ष-चटयाङ्ग, जाडो आदि र हिंस्रक जंगली जनावरहरू सवै मानिसका साझा दुश्मन थिए। जाडोबाट जोगिनु - भोक मेट्नु तथा हिंस्रक जनावरबाट सुरक्षित रहनु सवै मानिसको एउटै हित थियो। वर्गको उदयपछि यसो भएन। जव मानिसको एउटा समूहले अर्को समूहलाई काम लगाएर फलको उपभोग आफू गर्न लाग्यो - मानिसहरू वीच फरक-फरक हित तथा स्वार्थहरू देखा पर्न गए। काम लगाउने मालिकहरू आफ्नो ऐश आराम र सुख भोगको निम्ति नोकरहरूको श्रम ज्यादाभन्दा ज्यादा लुट्न चाहन्थे। काम गर्ने नोकर या दासहरू चाहि आफू नलुटिनको निम्ति प्रयत्न गर्थे। त्यसैले दासहरूबाट वेला-वेलामा विरोध र विद्रोह भै रहन्थ्यो। दुई वर्गवीच हुने यही द्वन्दको कारण यसले एउटा समुहले अर्को समूहलाई नियन्त्रणमा राख्नु पर्ने आवश्यकता पैदा भयो। यसैका कारण राज्यसत्ताको जन्म भयो।

राज्य सत्ता भनेको शासन गर्ने एउटा यन्त्र जस्तै हो। कानून, जेल-नेल, अदालत, सेना, पुलिस, प्रशासन आदि मिलेर यो वनेको हुन्छ। कसै कसैले समाजको सुरक्षाको निम्ति मानिसहरूको संझौताद्वारा - जेल-नेल, पुलिस, अदालत, कानून आदिको जन्म भएको हो भनेता पनि अहिलेसम्म धेरैजसो देशमा राज्य सत्ताले पीडितहरूको भन्दा पीडकहरूको नै हितको ज्यादा रक्षा गर्दै आएको देखिएको छ। दुःख दिनेलाई पीडक र दुःखु पाउनेलाई पीडित भनिन्छ। दास प्रथा भएका बेला राज्यसत्ता मालिकहरूको पक्षमा खडा भयो। त्यो बेला राज्यले





दासहरूका जायज मागहरूलाई समेत दवाउने र धेरै संख्यामा दासहरूको हत्या गर्ने काम गऱ्यो। त्यसपछिको जमिन्दारी प्रथाको कालमा राज्यसत्ताले जमिन्दारहरूको रक्षा गर्ने काम गऱ्यो र किसानहरूलाई चूँसम्म वोल्न दिएन। न्यायको माग गर्ने तथा अन्यायको विरोध गर्ने धेरै किसानहरूलाई त्यसले नराम्ररी दवायो। अहिले पनि धेरै जसो देशमा राज्यसत्ता, धेरै संख्यामा रहेका गरीव र दुःखीहरूको पक्षमा उभिएको देखिदैन ।

आजभोलि धेरै ठाउँमा चेतना भएका मानिसहरूले यो कुरालाई राम्ररी बुझेका छन्। त्यसैकारण राज्यले वहुसंख्यामा रहेका पीडितहरूको भलाई गर्नुपर्छ र समाजको सुरक्षा गर्नुपर्छ भन्ने आवाज उठिरहेको कारण यही नै हो।

प्रश्नहरू

१. राज्यसत्ता केलाई भनिन्छ ?
२. राज्यसत्ताको आवश्यकता कसरी देखा पऱ्यो ?
३. अहिलेसम्म राज्यसत्ता कसको सेवा गर्दै आएको छ ? पीडक कसलाई भनिन्छ ?
४. चेतना भएका मासिहरूबाट के आवाज उठिरहेको छ ?

भाग्यको कुरा

आजको जस्तो ज्ञान नभएको वेलामा मानिसलाई प्रकृति र समाजमा घट्ने सवै घटनाहरू चमात्कारीपूर्ण लाग्थ्यो। कुनै पनि घटनाको कारण थाहा नहुँदा यस्तो लाग्नु स्वभाविक पनि हो। पानी पर्नु, बाढी आउनु, मेघ गर्जनु, विजुली चम्कनु र चट्याङ्ग पर्नु, आँधी हुरी आउनु तथा पहिरो जानु आदि-इत्यादी सवै प्रकृतिका कुराहरू मानिसको निम्ति चमत्कारै थिए। किनभने यी सवै हुनुपछि के कारण छन् भन्ने गाँठी कुरा मानिसलाई थाहा थिएन। त्यसैले मानिसहरूले अदृश्य शक्तिको कल्पना गर्न पुगे। कुनै घटनाको पछि आफूले नदेख्ने शक्ति लुकेर वसेको होला भन्ने मानिसलाई लाग्यो। कहिलेकाही आँधीहरू चल्दा र वाढी, पहिरो, भूकम्प जाँदा अथवा हानी नोक्सानी पुग्ने कुनै घटना हुँदा मानिसहरू आतिन्थे र आफूदेखि लुकेर बसेको अदृश्य शक्ति धेरै रिसाएछ भन्ने उनीहरूलाई लाग्ने गर्थ्यो। यति मात्रै होइन कहिलेकाही जंगलमा शिकार नभेटिदा समेत मानिसहरू आफूदेखि त्यो शक्ति रिसाएछ र आफूलाई शिकार नदिएर भोकै राख्न खोजेछ भन्ने ठान्थे। यो कुरा समाजशास्त्रीहरू भन्छन्। समाजशास्त्री भनेका समाजको बारेमा खोजीनीति गरेर ज्ञान राख्ने मानिसहरू हुन्। यसले प्रकृतिको पूजा गर्ने चलन चल्यो। मानिसहरूले प्रकृतिलाई पूजाआजा गरेर खुसीपारी आफ्नू सुरक्षा गर्ने ध्येयले यो चलन चलाए। प्रकृतिका घटनाहरूलाई वुझ्न नसके जस्तै समाजमा कोही हुने खाने धनान्ढ्ये र कोही ज्यादै गरीव भएको कुरालाई पनि मानिसले वुझ्न सकेन। अचेतन हुनुको कारण धेरै मानिसहरूले आफ्नै पराक्रमबाट उव्जेको फललाई समेत आफ्नो ठान्न सकेनन्। आफू भित्रको शक्ति मानिसलाई महसुस नै भएन। कोही गरीव हुनु र कोही धनी हुनुलाई भाग्यको खेल भन्न थालियो। पूर्व-जन्म र पुनरजन्मको कुरा रचना भयो। वर्गको उदय भएपछि मालिकहरूले यो

कुरालाई राम्ररी आफ्नो पक्षमा उपयोग गरे। पहिलो जन्ममा असल काम गर्नेहरू आजका धनान्ढ्ये र मालिक हुन् तथा गरीव दासहरू चाही पूर्व जन्ममा पाप गर्ने मानिसहरू हुन् भन्ने झूठो कुरा व्यापक ढंगले फैलाइयो। यो कुरालाई प्रचार गर्न शास्त्रहरू पनि लेखिए। मालिकहरूले गरेको अत्याचारको विरोध गर्नुलाई अपराध र अधर्म ठानियो। विद्रोह र विरोध गर्नेहरूलाई अपराधी घोषणा गरेर कडाभन्दा कडा सजायको व्यवस्था गरिए। कामको फल नखोज्नु, चुपचाप मालिकहरूको सेवा गर्नु, विरोध र विद्रोह नगर्नुलाई सहिष्णुता र धर्म ठानियो। आजभोलि पनि यो कुरो प्रचलनमा छदैछ। तर वैशानिकहरूले खोजी नीति गरेर प्रकृति र समाजमा घट्ने सवै कुराको कारण पत्ता लगाएका छन् र अन्धविश्वासमा आधारित यो कुरालाई गलत मानेका छन्। मानिसको पराक्रम र शक्तिलाई विश्वास गर्नेहरू भाग्यको कुरोलाई पत्याउँदैनन्। अव मानिसले आफ्नो भाग्य आफै बनाउन सक्छ भन्ने सावित भएको छ। किनभने भाग्य भनेको मानिसको मेहनत र शीपबाट उव्जेको चीज हो।

प्रश्नहरू

१. अदृश्य शक्ति केलाई भनिन्छ ?
२. मानिसहरूले अदृश्य शक्तिको कल्पना किन गरे ?
३. प्रकृतिको पूजा गर्ने चलन कसरी चल्यो ?
४. भाग्यको जन्म कसरी भयो ?
५. भाग्यको कुरोलाई मालिकहरूले कसरी आफ्नो हितमा लगाए ?
६. कस्ता मानिसहरू भाग्यलाई विश्वास गर्दैनन् ?
७. समाजशास्त्री कसलाई भनिन्छ ?
८. मानिसले आफ्नो भाग्य आफै वनाउँछ भनेको के हो ?
९. भाग्य केलाई भन्ने ?

हाम्रो देश

संसारमा मानिसहरूको संख्या अहिले लगभग छ अरव छ। छ अरव मानिसहरू पृथ्वीको विभिन्न ठाउँमा बाँडिएर वसेका छन्। सवै मानिसको सीमा तोकिएको आ-आफ्नो भूमि छ - राज्य र सरकार छ, नियम-कानूनहरू पनि आ-आफ्नै छन्। आ-आफ्ना नियम कानूनमा रहेर तोकिएको सीमाना भित्र रहेको मानिसहरूको भूमिलाई देश भनिन्छ। सवैको आ-आफ्ने देश छ। अहिले संसारमा दुई सय वीस भन्दा बढ्ता देश छन् । सवै देशमा मानिसहरूको संख्या एउटै छैन - कहीं धेरै छ - कहीं थोरै छ। हाम्रो पनि आफ्नो देश छ। हाम्रो देशको नाम नेपाल हो। नेपालमा रहने भएको कारण हामी सवै नेपाली भनेर चिनिन्छौं। हामी नेपालीहरूको संख्या २ करोड जति छ। पूर्वमा मेची नदी, पश्चिममा महाकाली नदी, उत्तरमा चीनको तिव्वत र दक्षिणमा भारत नेपालका सीमाना हुन्। हाम्रो देश ८८५ कि.मि. लामो र १९३ कि.मि. चौडा छ। देशको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ। हाम्रो देशको वनौट अनुसार यसलाई - हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र गरेर तीन क्षेत्रमा वाड्न सकिन्छ। सयमा पन्ध्र भाग हिमाली क्षेत्र, अठसठ्ठी भाग पहाडी क्षेत्र र सत्र भाग तराई क्षेत्रमा पर्दछ। सवभन्दा धेरै मानिसहरू तराई क्षेत्रमा र थोरै मानिसहरू मात्र हिमाली क्षेत्रमा वस्छन्। पहाडी क्षेत्रमा तराईभन्दा अलि कम मानिसहरू रहेको देखिन्छ। हावापानीको कारणले सवै ठाउँको भेषभुषा फरक छ। विश्वका अरू देशमा रहने मानिसहरू जस्तै हामी नेपालीहरू पनि एउटै तहमा छैनौं - हामीहरू वर्ग, जाती, धर्म आदिका हिसावले वाँडिएका छौं। भनाइको मतलव नेपालीहरू पनि एउटै धर्म, एउटै जाती र एउटै वर्गका छैनन्। यहाँ विभिन्न धर्म मान्ने - पचासौ जातिका मानिसहरू छन, भाषा पनि फरक-फरक छ। पेशाको हिसावले ८० प्रतिशत मानिस कृषिमा

हाम्रो राजनीतिक व्यवस्था

शासन चलाउने विधि तथा प्रणालीलाई राजनीतिक व्यवस्था भनिन्छ। शासन चलाउनु भनेको देशमा रहेका मासिहरूको प्रगति र उन्नतिको निम्ति एउटा नियममा वाँधिएर आवश्यक पर्ने कामहरू गर्नु हो। शान्ति सुरक्षा कायम गर्नु, अन्याय हुन नदिनु, मानिसहरूको भलाईमा बाधा नहुने खालका ऐन-नियमहरू बनाएर आर्थिक, सामाजिक, सांस्कृतिक उत्थानका कामहरू गर्नु शासनका कामहरू हुन्। शासन गर्ने प्रणाली राम्रो भए धेरै मानिसहरूको हित हुन्छ - नराम्रो भए थोरै मानिसको मात्र हित हुन्छ। त्यसैले धेरै मानिसको हित गर्ने शासनको विधिलाई राम्रो शासन भनिन्छ।

संसारका सवै देशमा आ-आफ्नो खालको राजनीतिक व्यवस्था हुन्छ। सवै देशमा एउटै खालको राजनीतिक व्यवस्था हुन्छ भन्ने छैन। हाम्रो देशमा पनि आफ्नै खालको राजनीतिक व्यवस्था छ। यसलाई वहुदलिय व्यवस्था भनिन्छ। ०४६ सालमा भएको जनताको ठूलो विद्रोहले पंचायति व्यवस्थालाई फाले पछि यो व्यवस्था आएको हो। पहिलेका संविधानलाई हटाएर ०४७ सालमा नयाँ संविधान बन्यो। ०४७ सालमा बनेको संविधान अनुसार यो व्यवस्था चलेको छ। संविधान भनेको मूल कानून हो। पंचायति व्यवस्थामा मानिसहरूले पार्टी खोल्न, आफूलाई मन लागेको कुरा छापेर वा वोलेर प्रचार गर्न, सभा-जुलुस गरेर विरोध जाहेर गर्न पाउँदैनथे। मूल कानूनका स्रोत जनता नभएर राजा थिए। यो सवैलाई थाहा नै छ। अहिलेको वहुदलिय व्यवस्थामा जनता शक्तिशाली छन् - संविधानका स्रोत राजा छैनन्। राजतन्त्र संवैधानिक भएको छ। संविधानले जनताका अधिकारहरू प्रष्ट उल्लेख गरेको छ। अव कुनै पनि वर्गका मानिसहरूले आफ्नो वर्ग हितको निम्ति पार्टी खोल्न पाउँछन्। संसदको पार्टीगत आधारमा निर्वाचन हुन्छ। निर्वाचन ५-५ वर्षमा हुन्छ। त्यसलाई आम निर्वाचन


२०६६ साल
पार्टि कार्यालय
राष्ट्रिय सभा
६० सदस्य
प्रतिनिधि सभा
२०५ सदस्य
कार्यपालिका
नियम कानून
विधायिका र
कार्यपालिका

भनिन्छ। संसदमा जुन पार्टीको वहुमत हुन्छ सरकार त्यसैले बनाउँछ। संसद भनेको कानून बनाउने ठाउँ हो - यसलाई विधायिका पनि भनिन्छ। यसका दुई सदन छन् - माथिल्लो सदन र तल्लो सदन। माथिल्लो सदनलाई राष्ट्रिय सभा र तल्लो सदनलाई प्रतिनिधिसभा भन्ने गरिन्छ। प्रतिनिधि सभामा २०५ जना र राष्ट्रिय सभामा ६० जना सदस्यहरू रहन्छन्। संसद वाहेक शासनको अर्को अंग कार्यपालिका र न्यायपालिका छ। कार्यपालिकाको काम नियम कानूनलाई व्यवहारमा उतार्नु हो भने न्यायपालिकाको काम चाहिं विधायिका र कार्यपालिकाको कामको रेखदेख गर्नु तथा न्याय-अन्याय छुट्याउनु हो।

शासन चलाउन सजिलोको निम्ति देशलाई ७५ जिल्ला १४ अञ्चल र ५ वटा विकास क्षेत्रमा वाँडिएको छ भने २०५ वटा निर्वाचन क्षेत्र छन्। माथिको नीतिलाई तल्लो तहसम्म पुऱ्याएर लागु गर्ने माध्यमको रूपमा स्थानीय निकायको व्यवस्था गरिएको छ। स्थानीय निकायमा दुई तह छन् - गाउँ वा नगर तह र जिल्ला तह। गाउँ वा नगर तहमा गाउँ विकास समिति वा नगरपालिकाको गठन गरिनेछ भने जिल्ला तहमा जिल्ला विकास समितिको गठन हुन्छ। गठन जनताद्वारा चुनिएका प्रतिनिधिहरूलाई लिएर गरिन्छ। गाउँ वा नगरका प्रतिनिधिहरूको चुनाव सोझै जनताबाट हुन्छ। जिल्लाका प्रतिनिधिको चुनाव भने जिल्लामा भएका गाउँ र नगरका प्रतिनिधिहरूबाट हुन्छ। यसलाई अप्रत्यक्ष चुनाव भनिन्छ। जिविस, गाविस, र नगरपालिकाका छुट्टाछुट्टै ऐनहरू छन्।

प्रश्नहरू

१. राजनीतिक व्यवस्था भनेको के हो ?
२. शासन संचालन गर्नु भन्नाले के वुझिन्छ ?
३. कस्तो शासनलाई राम्रो शासन भनिन्छ ?
४. संविधान भनेको के हो ?
५. हाम्रो देशको अहिलेको राजनीतिक व्यवस्थालाई के भनिन्छ ?
६. अहिलेको व्यवस्था र पंचायती व्यवस्थामा के फरक छ ?
७. संसद भनेको के हो ?
८. शासनका कति वटा मूल अंग छन् ?
९. कार्यपालिका र न्याय पालिकाका कामहरू के हुन् ?
१०. स्थानीय निकाय भनेको के हो ? त्यसका कति तह छन् ?
११. स्थानीय निकायको काम के हो ? गठन कसरी हुन्छ ?

मानवअधिकार

मानिसको जिउन पाउने अधिकारलाई मानवअधिकार भन्दछन्। यो दान होइन र खोस्न सकिदैन। इज्जतसाथ जिउन चाहनु मानिसको सबभन्दा ठूलो आकांक्षा हो। मानिसको निम्ति जीवनभन्दा ठूलो कुरो संसारमा केही पनि छैन। हिजोदेखि आजसम्मका मानिसका गातिविधिहरूलाई विचार गर्दा जिउनको निम्ति नै मानिसले अप्ठ्यारा कामहरू फत्ते गर्दै आएको छ। जिउन चाहिने आवश्यकताहरू पूरा गर्ने क्रमले नै मानिसलाई जाँगरिलो, फूर्तिलो र बलवान बनाएको छ। त्यसैले मानवअधिकारलाई जिउन चाहिने मानिसका आवश्यकताहरू भन्दा पनि हुन्छ किनभने चाहिने आवश्यकताहरू नरहे जीवन नै रहदैन। मानवअधिकारका मुख्यतः तीनवटा सिद्धान्त छन् जसलाई तल उल्लेख गरिन्छ।

(क) मानिस सबै बराबरी हुन्

उमेर धेरै-थोरै हुन सक्छ, जाती र धर्म फरक हुन सक्छ, कोही गोरा या कालो हुन सक्छ, लिङ्गकै हिसावले - महिला या पुरूष हुन सक्छ, वसोवासको क्षेत्र अलग अलग हुन सक्छ - कोही धेरै वलियो कोही निर्धो हुन सक्छ - योग्यता तलमाथि हुन सक्छ तर जे भए पनि पहिलो कुरा त उ मानिस हो। त्यसपछि अरू। मानिसै नभए न जाति रहन्छ न धर्म, न गोरो न कालो, न महिला न पुरूष। त्यसैकारण जातीको आधारमा, धर्मको आधारमा, लिङ्ग या रंगको आधारमा अथवा कुनै पनि आधारमा मानिसहरूलाई भेदभाव गर्नु हुन्न। भेदभाव गर्नु भनेको कसैलाई ठूलो ठानेर सम्मान गर्नु र कसैलाई सानो ठानेर अपहेलना या तिरस्कार गर्नु हो। जुनसुकै जात या धर्मका हुन्, जुनसुकै क्षेत्रमा वसुन, रंग जुनसुकै होस्, पुरूष हुन् या महिला मानिसहरू सबै बराबरी हुन् र सबैलाई समान मर्यादा गरिनु पर्छ।

(ख) कसैलाई पनि सुविधा र अवसरबाट वंचित गरिनु हुन्न

सुविधा र अवसर भनेको मानिसको आवश्यकता हो। वस्ने घर, खाने चीज, लाउने लुगा, उपचार मनोरंजन आदि सबै सुविधा भित्र पर्ने कुराहरू हुन्। यी सबैको सीर्जना मानिसहरूबाटै भएको हो भन्ने कुरा हामीले अघिल्ला पाठहरूमा थाहा पाइ सकेका छौ। तर आज धेरै जसो

मानव अधिकार
मानव अधिकार

मानिसहरूले आफूले सिर्जना गरेका सुविधाहरूलाई आफैले उपभोग गर्न पाइरहेका छैनन् - थोरै मानिसहरू मात्र सुविधाका हकदार बनेका देखिन्छन्। राम्रा र मलिला खेतहरू, ठूला-ठूला भवनहरू, न्याना-वलिया लुगाहरू, छिटो छरितो संचार र यातायातका साधनहरू, मनोरंजनका साधानहरू तथा औषधीमुलोका राम्रा प्रवन्धहरू थोरै मानिसहरूसंग मात्रै छन्। धेरै मानिसहरू सुविधाबाट वंचित हुनु र थोरै मानिसहरूले मात्र त्यसको उपभोग गर्नु अन्यायपूर्ण कुरा हो। साँचो कुरा के हो भने सुविधाको सिर्जना गर्नेहरू सवै सुविधाका हकदार हुन् र कसैलाई पनि कुनै सुविधाबाट वंचित गरिनु हुदैन।

(ग) सरकारको लगाम जनताको हातमा हुनु पर्छ

सरकार भनेको जनताको हितमा नियम कानूनहरू लागु गर्ने शासनको मुख्य अंग हो। तर सरकार निरंकुस भयो भने त्यसले जनताको हितमा काम गर्न सक्तैन। निरंकुश भनेको जनताले कुनै अंकुस लाउन नसक्ने स्वेच्छाचारी हो। सरकारले जनतालाई वेफाइदा हुने काम नगरोस् र त्यो निरंकुश नहोस् भन्नको निम्ति जनताले लगाम आफ्नो हातमा लिनु पर्छ। भनाईको मतलव सरकारले जनतालाई वेहित हुने काम गर्छ भने त्यस्तो सरकारलाई नियम मुताविक वदल्न पाउने हक जनतामा हुनु पर्छ। (सरकारमा जनताको नियन्त्रण भन्नाले पार्टीले सरकारको नियन्त्रण गर्नु हो) सरकार वदल्नु भनेको पार्टी वदल्नु हो।

प्रश्नहरू

१. कुन कुराले मानिसलाई वलवान वनाएको छ ?
२. मानवअधिकार भन्नाले के वुझिन्छ ?
३. मानवअधिकारका मुख्य-मुख्य सिद्धान्त के के हुन् ?
४. भेदभाव भन्नाले के वुझिन्छ ?
५. मानिसलाई भेदभाव गर्न नहुने कारण के हो ?
६. सुविधा भन्नाले के वुझिन्छ ?
७. सुविधाबाट वंचित गर्नु भनेको के हो ?
८. कसैलाई पनि कुनै सुविधाबाट वंचित गरिनु हुन्न - किन भनिएको ?
९. सरकार भनेको के हो ?
१०. निरंकुश कस्तोलाई भनिन्छ ?
११. जनताको हातमा लगाम हुनु भन्नाले के वुझिन्छ ?

मानवअधिकारका दुई अभिन्न पक्ष

मानवअधिकार के हो र मानवअधिकारवारेको सिद्धान्त कस्तो छ भन्ने बारेमा यो भन्दा अघिल्लो पाठमा चर्चा भयो। यो पाठमा मानवअधिकार भित्र पर्ने अन्य के के कुरा छन् भन्ने बारे चर्चा हुनेछ।

मानिसलाई सम्मानपूर्वक वाँच्नको लागि नभै नहुने सवै कुराहरू मानवअधिकार भित्र पर्छन्। मानिसका ती अधिकारहरूलाई पनि मोटामोटी दुई भागमा वाड्न र बुझ्न सकिन्छ। ती दुइ भाग हुन् पहिलो नागरिक-राजनीतिक अधिकार, र दोश्रो आर्थिक-सामाजिक सांस्कृतिक अधिकार। तल दुवै अधिकारबारे छुट्टा छुट्टै चर्चा गरौं।

पहिलो पक्षमा पर्ने अधिकारहरू नागरिक राजनीतिक अधिकार भित्र मुख्य गरेर तलका कुराहरू पर्छन्। सवै मानिसहरूलेः

- भोट खसाल्न पाउनु पर्छ।
- चुनावमा उठ्न पाउनु पर्छ।
- कुनै पनि विचारमाथि आस्था राख्न पाउनु पर्छ।
- मत-विरोध राख्न पाउनु पर्छ।
- पार्टी या संघ-संस्था खोल्न पाउनु पर्छ।
- सभा सम्मेलन गर्न पाउनु पर्छ।
- वोलेर वा छापेर आफ्ना मतको प्रचार गर्न पाउनु पर्छ।
- छिटो छरितो र सस्तो न्याय पाउनु पर्छ।
- आन्दोलन गर्न पाउनु पर्छ।

दोश्रो पक्षमा पर्ने अधिकारहरू आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू हुन्। यस

राष्ट्रिय मजदुर पार्टि
नेपाल बन्द

भित्र मुख्य गरेर तलका कुराहरू पर्छन -

- सबै मानिसहरूले सम्पत्तिको हक पाउनु पर्छ।
- वसोवास गर्न पाउनु पर्छ।
- रोजगारी पाउनु पर्छ।
- उचित ज्याला पाउनु पर्छ।
- मनोरंजन र आरामको समय पाउनु पर्छ।
- स्वास्थ्य लाभ गर्न तथा उपचार गर्न पाउनु प
- शिक्षा प्राप्त गर्न पाउनु पर्छ।
- जातीय समानता पाउनु पर्छ।
- सुविधा उपभोग गर्न पाउनु पर्छ।
- व्यक्तित्वको विकासको अवसर पाउनु पर्छ।
- सामाजिक सुरक्षा पाउनु पर्छ।
- त्यस्तै - वालकहरूको सुरक्षा हुनु पर्ने, नारी-पुरूष समान हुनु पर्ने जस्ता कुराहरू पनि सामाजिक अधिकार भित्रै पर्छन्।

माथि उल्लेख गरिएका अधिकारका दुई वटा पक्ष मानव जीवनको निम्ति उत्तिकै महत्वका छन्। किनभने दुवै खालका अधिकार प्राप्त नभए मानिस इज्जतसाथ वाँच्न सक्तैन। त्यसैले अधिकारका दुवै पक्षलाई एक अर्कोबाट अलग्याउनु हुँदैन। अधिकारका दुई अभिन्न पक्ष भन्नाको कारण यहि हो।

प्रश्नहरू

१. मानवअधिकारका दुईवटा पक्ष के हुन् ?
२. नागरिक-राजनीतिक अधिकार भन्नाले कुन-कुन अधिकारहरूलाई वुझाउँछ ?
३. आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार भन्नाले कुन-कुन् अधिकारलाई वुझाउँछ ?
४. मानवअधिकारका दुवै पक्ष किन अभिन्न छन् ?

फरक विचारहरु

हामीले मानसिहरूले पाउनै पर्ने अथवा मानिसहरूलाई नभै नहुने दुई किसिमका आवश्यकताहरू वारे छलफल गरी सक्यौं। तर कुन कुन अधिकारहरू मानिसलाई नभै नहुने हुन् भन्ने विषयमा दुनियाँमा अझै पनि एकमत हुन सकेका छैनन्। मानवअधिकार नभै हुँदैन भनेर मान्ने मानिसहरूको वीचमा पनि यस विषयमा फरक-फरक विचारहरू पाइन्छन्। मानवअधिकारको विषयमा रहेका ती फरक विचारहरू मुख्य गरेर तीन किसिमका छन्।

पहिलो : नागरिक-राजनीतिक अधिकारलाई मानवअधिकारको मुख्य कुरा ठान्ने।

दोश्रो :आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारलाई मानवअधिकारको मुख्य कुरा ठान्ने।

तेश्रोः : दुवै खालका अधिकारलाई अभिन्न अधिकार ठान्ने।

यहाँ त्यस्ता विचारहरूको वारेमा छोटो चर्चा गरिन्छ।

पहिलो विचारः नागरिक-राजनीतिक अधिकारलाई मानवअधिकारको मुख्य कुरा ठान्नेहरू मानिसका आर्थिक, सामाजिक-सांस्कृतिक अधिकारलाई त्यत्ति महत्व दिदैनन्, दिए पनि ज्यादै कम महत्व दिन्छन्। तिनीहरूको तर्क के छ भने मानिसले भोट हाल्ने, चुनावमा लड्ने, भाषण गर्ने, पार्टी गठन गर्ने, सभा गर्ने अधिकार पायो भने आर्थिक-सामाजिक अधिकार आफैं प्राप्त हुदै जान्छ। यही तर्क दिएर उनीहरू आर्थिक-सामाजिक अधिकार वारे त्यति धेरै ध्यान दिनु जरूरी ठान्दैनन्। यही कारण हो कि पहिलो विचारका मानिसहरू वारम्वार नागरिक र राजनीतिक अधिकारका कुराहरू मात्रै वढाई-चढाई गर्ने गर्छन्।

दोश्रो विचारः पहिलो विचारको उल्टो दोश्रो विचारका मानिसहरू राजनीतिक-नागरिक अधिकारलाई त्यति महत्व दिदनन्, दिए पनि ज्यादै कम मात्रामा दिन्छन्। यस्ता मानिसहरूको

नागरिक
राजनीतिक
आर्थिक
सामाजिक
सांस्कृतिक
लाई विजय गरौं
हाम्रो माग पूरा होस्
मत पेटिका
मानव अधिकार

विचारमा - मानिसहरूले वसोवास गर्ने, रोजगारी पाउने, विमारी हुँदा उपचार पाउने, सम्पत्ति राख्न पाउने जस्ता आर्थिक-सामाजिक अधिकार प्राप्त गर्ने हो भने नागरिक-राजनीतिक अधिकार जस्ता कुराहरू आफैं प्राप्त हुदै जान्छन्। त्यसैकारण यो विचारमा अडिनेहरू आर्थिक-सामाजिक अधिकारका कुराहरूलाई मात्रै पहिलो दर्जामा राखेर उठाउने गर्छन्।

तेश्रो विचारः पहिलो र दोश्रो विचारभन्दा अलग्गै विचार राख्ने तेश्रो विचारका मानिसहरू दुवै खालका अधिकारहरूलाई छुट्याएर हेर्नु हुँदैन भन्छन्। मानिसहरूले - खाली पार्टी खोल्ने, भाषण गर्ने, सभा गर्ने, भोट हाल्ने अधिकार पाएर मात्र हुँदैन। वसोवास गर्ने, रोजगारी पाउने, स्वास्थ्य उपचार गर्ने, नारी-पुरूष समान हुने आदि-इत्यादी अधिकारहरू पनि साथै उपभोग गर्न पाउनु पर्छ भन्ने उनीहरूको राय छ। यस्ता मानिसहरूको विचारमा आर्थिक अधिकार नपाए मानिस भोको र नाङ्गो हुन्छ - भोको र नाङ्गो मानिसले जतिसुकै भाषण गर्ने अधिकार पाए पनि उसको जीवन मर्यादित भएर जीउन सक्दैन। यस्तै नागरिक अधिकार नपाए मानिस पालिएको सुँगा जस्तो हुन्छ। पालिएको सुँगा जस्तो मानिसले जतिसुकै राम्रो घर पाए पनि उसको जीवन मर्यादित हुदैन - मानव वुद्धिको विकास अवरूद्ध हुन्छ। यही कारण हो कि मानिसको प्रगति तथा इज्जत्तिलो जीवनको निम्ति दुवै खालका अधिकारहरू नभै नहुने कुराहरू हुन्। यिनीहरू सिक्काका दुईपाटा जस्तै हुन् - छुट्याउन सकिदैन। तेश्रो खाले यस्तो विचारलाइ पूर्ण अधिकारको विचार पनि भनिन्छ।

आजभोलि तेस्रो खाले विचारलाई मान्ने मानिसहरूको संख्या बढ्दै गएको छ। किनभने मानिसहरूको पूर्ण उन्नतिको निम्ति यो विचार ज्यादै सही देखिदैंछ।

प्रश्नहरू

१. मानिसलाई नभै नहुने दुई किसिमका अधिकारहरू के के हुन् ? फेरी संझनुहोस् ।
२. मानवअधिकारको विषयमा रहेका फरक विचारहरू कति किसिमका छन् ? ती कुन-कुन हुन् ?
३. सवै फरक विचारहरूबारे अलग अलग बताउनुस् ?
४. तपाईलाई कुन विचार सही लाग्छ ? किन ?

मानवअधिकारको विकासक्रम

कुनै पनि वस्तु हिजो जस्तो थियो आज त्यस्तो छैन र भोलि फेरि अर्कै हुन सक्छ। यसरी चीजहरू फेरिने गर्छन्। यसलाई विकास भनिन्छ। मानवअधिकारको कुरा पनि त्यस्तै हो। मानवअधिकारको विचार, क्षेत्र शुरूमा जस्तो थियो आज त्यसमा धेरै परिवर्तन वा विकास भएको छ। मानवअधिकारको विषयमा आजका हाम्रा विचारहरू एक्कासी आएका होइनन् - मानिसहरूको लामो संघर्ष र त्यागले हामी यहाँसम्म आएका छौं। मानवअधिकारको विकासका कुरा गर्दा यसलाई चारवटा चरणहरूमा वाँडेर बुझ्न सकिन्छ। तिनीहरूबारे तल चर्चा गरिन्छ -

पहिलो चरणः भोक मेट्नु, जाडोबाट जोगिनु, जंगली जनावरबाट वच्नु मानिसका शुरूका आवश्यकता थिए। मानिस वर्गमा वाँडिएको थिएन - मानिसले आफ्ना अधिकार या आवश्यकता पूरा गर्नको निम्ति प्रकृतिसंग जुझ्नु पर्‍यो मानिसको अधिकार खोस्ने मानिसको दुश्मन भनेको - प्राकृतिक संकट र आफ्नै अज्ञानता थियो। मानिसले प्रकृतिसंग लडाई गर्‍यो - लडाईकै क्रममा मानसि सिपालु हुँदै गयो। फलस्वरूप मानिसले आजभन्दा २० हजार वर्ष अघि भाला र वर्छि वनाउन सिक्यो, ९ हजार वर्ष अघि अन्नको पत्ता लगाउन सक्यो, ७ हजार वर्ष अघि कोदालो र हँसिया वनाउन जान्यो, पशुपालन र खेतीपाती गर्न समेत सिपालु भयो। प्राकृतिक संकट मूल दुश्मन भएको यो अवस्थालाई मानवअधिकार विकासको पहिलो चरण मान्न सकिन्छ।

दोस्रो चरणः वर्गको उदय भएपछि मानिसको एउटा समूहलाई दवाउने मानिसकै अर्को समुह अगाडि आयो। मानिस सवै वरावरी हुनु पर्नेमा मानिस-मानिस वीचमा भेदभाव शुरू भयो। मालिक मानसिहरूले - कामगर्ने दास मानिसहरूको अधिकार खोसे , आवश्यकता

मजदुर क्रान्ति
मजदुर
क्रान्ति

कुल्चिए। यसले गर्दा मानिसको मूल दुश्मन प्रकृति नभएर मानिसकै अधिकार खोस्ने मानिसहरूको समुह हुन पुग्यो। अधिकार खोसीनेहरूले नागरिक-राजनीतिक अधिकारको लागि ठूलो-ठूलो लडाईं लडे। लडाईको माग थियो - मानिस सबै बराबरी हुन्, मानिसलाई किनबेच गर्न पाइँदैन, कानूनको आधारमा शासन हुनुपर्छ, चुनिएका मानिसले कानून बनाउन पाउनु पर्छ, अमानवीय व्यवहार गर्न पाइदैन, शारीरिक दण्ड दिने प्रथा अन्त्य हुनुपर्छ। यो लडाईलाई नागरिक-राजनीतिक अधिकारको लडाई भनिन्छ। चारहजार वर्ष अघि (इ.पु १७५०) मिश्र देशमा फिराउन भन्ने राजाको विरोधमा भएको लडाई, करीब दुईहजार वर्ष अघि चीन देशमा भएको तीन चान-भाईको २० वर्षे विद्रोह, २ हजार वर्ष अघि इटली भन्ने देशको रोममा भएको दासहरूको लडाईं, १२१५ इ.मा वेलायतमा भएको अधिकारको लडाईं, १३८१ मा लण्डनका किसानहरूले गरेको लडाईं, १६८८ मा वेलायतमा स्वेच्छाचारी राजाको विरोधमा भएको लडाई, अमेरिकी स्वतन्त्रता संग्राम, फ्रान्सेली मानवअधिकार घोषणा आदि लडाईहरू यसको उदाहरण हुन्। यी माथिका लडाईहरूबाट मानिसहरूले - धेरै मुलुकमा राजनीतिक-नागरिक अधिकारहरू प्राप्त गर्न सके - संसारमा मानिसको किनबेच प्रथा अन्त्य भयो। यो मानवअधिकार विकासको दोस्रो चरण हो।

तेश्रो चरणः नागरिक राजनीतिक अधिकार धेरैजसो प्राप्त गर्न सकेपनि - मानिसले आर्थिक-सामाजिक-सांस्कृतिक अधिकार भने प्राप्त गर्न सकेन। मानिसको किनबेच बन्द भयो तर मानिसहरूले भोट हाल्ने, पार्टी खोल्ने र बोल्ने अधिकार पाएका देशहरूमा पनि भोक र बसोवासको समस्या हल भएन। त्यसैले धेरैजसो मानिसहरूलाई नागरिक-राजनीतिक अधिकार प्रति नै विरक्ति जाग्यो। यसले आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको माग सबभन्दा अगाडि देखियो। मानिसहरूले आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको निम्ति ठूला-ठूला लडाईहरू लडे। यस्तो लडाईको अगुवाई गर्नेहरूमा - मजदूरहरू र किसानहरू नै थिए। १८३१ मा भएको फ्रान्स देशको लियोन शहरको मजदूर विद्रोह, १८४८ मा भएको फ्रान्सको मजदूर विद्रोह, १८७१ मा भएको फ्रान्सको पेरिसमा भएको मजदूर विद्रोह, १८८६ मा भएको

मजदूरहरूको १ मई आन्दोलन, १९१७ को रूसको मजदुर क्रान्ति, चीनको क्रान्ति आदि यसका उदाहरण हुन्। मजदूर तथा कम्युनिष्ट पार्टीले अगुवाई गरेका यी लडाईहरूले रूस, चीन जस्ता कयौं मुलकुमा आर्थिक-सामाजिक-सांस्कृतिक अधिकार प्राप्त भएका व्यवस्थाहरू पनि स्थापना भए। मानवअधिकार विकासको यो तेस्रो चरण हो।

चौथो चरणः जहाँ मानिसका अधिकारको थिचोमिचो हुन्छ त्यहाँ संघर्ष-रक्तपात हुन्छ। संघर्ष र रक्तपातले समाजलाई अशान्त वनाउँछ र मानिसको उन्नति र प्रगति हुन सक्तैन। मानिस भएर जीउनको निम्ति राजनीतिक र आर्थिक दुवै खालका अधिकारहरू चाहिन्छन्। आर्थिक अधिकार प्राप्त भएका मुलुकहरूमा पनि नागरिक अधिकारलाई कम महत्व दिंदा धेरै असन्तुष्टि र समस्याहरू जन्मिए। संसारमा भएको कलह र झगडालाई देखेर वर्तमान विश्वमा सवैले यो अनुभव गर्न थालेका छन्। आज भन्दा ४७ वर्ष अगाडि विश्वका राष्ट्रहरूको संस्था संयुक्त राष्ट्रसंघले पहिलो पटक यहि सोचेर मानवअधिकारको विश्वघोषणा जारी गऱ्यो। जसमा ३० वटा धारा छन्। त्यसपछि पनि छुट्टा-छुट्टै गरेर - नागरिक र राजनीतिक अधिकार र आर्थिक-सामाजिक अधिकार वारे घोषणाहरू जारी भएका छन्। अव संयुक्त राष्ट्रसंघले सवैको लागि सवै अधिकार भनेर फेरी घोषणा गरेको छ। कसै कसैले नमानेपनि यी सवै कुराले के जाहेर गर्छ भने अवको मानिसको माग भनेको - पूर्ण अधिकारको माग हो। मानवअधिकारको विकासको यो चौथो र वर्तमान चरण हो। यही कुरो आज संसारमा अघि बढिरहेको छ।

प्रश्नहरू

१. विकास भनेको के हो ?
२. मानवअधिकारको विकासलाई हिजोदेखि आजसम्म कति चरणमा वाइन सकिन्छ ?
३. मानवअधिकारको पहिलो चरण र दोस्रो चरणमा के-के भिन्नताहरू छन् ?
४. मानवअधिकारको पहिलो चरण र दोस्रो चराणमा के के भिन्नता छन् ?
५. मानिसहरूको अधिकार दवाए के हुन्छ ?
६. मानवअधिकारको तेस्रो चरणमा भएका मुख्य लडाइहरू कुन-कुन हुन् ?

हाम्रा संवैधानिक अधिकारहरु

संविधान भनेको मूल कानून हो। संविधानमा उल्लेख भएका अधिकारहरूलाई संवैधानिक अधिकार भन्दछन्। हाम्रो देश नेपालमा हामी नेपालीहरूले पनि अधिकार पाउनु पर्छ भनेर धेरै अघिदेखि संघर्ष चल्दै आएको छ। पहिले-पहिलेको नेपालमा धेरै जसो मानिसहरूलाई एकरत्ति पनि अधिकार थिएन। नेपाल एकिकरण भएपछि पहिलो पटक शासन गर्ने शाह वंश थियो। त्यसपछि राणाहरूले १०४ वर्ष सम्म शासन गरे यो वेला लिखित संविधानसम्म थिएन। राणाहरूलाई जे मन लाग्छ - त्यही कानून हुन्थ्यो। मानिसहरूलाई लेख्ने, वोल्ने, शिक्षा प्राप्त गर्ने, नराम्रो कुराको विरोध गर्ने कुनै अधिकार थिएन। यस्तो कुराको धेरै विरोध भए पछि २००४ सालमा पहिलो पटक कानून लेखियो - त्यो वेलामा नेपालमा पदम समसेर प्रधानमन्त्री थिए। तर त्यो कानूनले पनि जनतालाई चाहिए जति हक दिएन। त्यसैले ००७ सालमा जनताले राणा शासनको विरोधमा ठूलो विद्रोह गरे। राणा शासन ढल्यो। अवदेखि जनताले चुनेका प्रतिनिधिहरूले कानून वनाउने र त्यो कानूनद्वारा शासन चलाउने भन्ने अन्तरिम विधान बन्यो। तर त्यो कुरा लागू भएन। ०१५ सालमा फेरी अर्को संविधान वन्यो संविधानले राजाले चाहेको वेलामा खोस्न पाउने गरी जनतालाई नागरिक-राजनीतिक अधिकार दियो। संविधान भन्दा राजा शक्तिशाली भए। संविधान अनुसार चुनाव भयो। चुनावमा धेरै पार्टीहरू उठे तर नेपाली कांग्रेसले वहुमत ल्यायो। र कांग्रेसको सरकार बन्यो। ०१७ सालमा राजा महेन्द्रले जनताको अधिकार खोसिदिए। पंचायत व्यवस्था आयो। कसैले पार्टी खोल्न, सभा गर्न नराम्रो कुराको विरोध गर्न नपाउने भए। ३० वर्ष सम्म यो व्यवस्था चल्यो। यो व्यवस्थामा थोरै मानिसहरू धनी भन्दा धनी भए भने धेरै जसो मानिसहरू झन्झन् गरीव र दरिद्र भए। जनताभित्र उकुसमुकुस फैलियो। त्यही कारणले ०४६ सालमा फेरी ठूलो विद्रोह भयो। विद्रोहले पंचायती

संविधान
२००४ साल
२०१५ "
२०१६ "
२०४७ "
संविधान
नेपाली कांग्रेस
संयुक्त जनता दल पार्टी

व्यवस्थालाई ढालिदियो। अहिले नयाँ संविधान वनेको छ। यो संविधानलाई ०४७ सालको संविधान भनिन्छ। अहिले देशमा यही संविधान वमोजिम शासन चलेको छ। यो संविधान पहिलेको भन्दा फरक छ। पहिलेको संविधानले संविधान बनाउने र फेर्ने अधिकार राजालाई दिएको थियो भने अहिलेको संविधानले त्यो हक जनतालाई दिएको छ। संविधानमा जनताले पाउनै पर्ने मानवअधिकारहरूको पनि व्यवस्था गरिएको छ। संविधानमा उल्लेख भएका ती मानवअधिकारहरू तल लेखिए वमोजिम छन् -

१. समानताको हकः सवै नेपाली नागरिकहरू वरावरी छन्। कानूनले कसैलाई पनि भेदभाव गर्न पाउने छैन।

२. स्वतन्त्रताको हकः सवै नेपालीहरूले
   - वोल्न, लेख्न, छाप्न, प्रचार गर्न, भाषण गर्न पाउने
   - जायज विरोध गर्न, सभा जुलुस गर्न, शान्तिपूर्वक भेला हुन पाउने
   - संघ संस्था तथा पार्टी खोल्न पाउने
   - नेपालको कुनै पनि ठाउँमा आवत-जावत गर्न र वसोवास गर्न पाउने
   - आफूलाई मनपर्ने पेशा वा रोजगार गर्न पाउने

३. छापाखाना र पत्रपत्रिका सम्बन्धि हकः कुनैपनि नेपालीले लेख लेख्न, समाचार छाप्न, छापाखाना राख्न पाउने

४. फौज्दारी न्यायको हकः कुनैपनि नेपालीलाई
   - विना पूर्जी पक्रन पाइँदैन,
   - पक्राउ परेपछि २४ घण्टा भन्दा बढ्ता पुलिस हिरासतमा राख्न पाइँदैन,
   - कानूनले तोकेभन्दा ज्यादा सजाय गर्न पाइँदैन,
   - एउटा मुद्दामा एकपटक भन्दा ज्यादा सजायँ गर्न पाइँदैन,
   - कुनै किसिमको यातना दिने पाइँदैन,
   - आफ्नो विरूद्धमा आफैलाई वक्न लगाउनु हुँदैन,
   - आफूले चाहेको वकिल राख्न दिनु पर्छ।

५. निवारक नजरवन्द विरूद्धको हकः - कुनैपनि नेपालीलाई नेपाललाई टुक्र्याउन खोजेको

तथा समाजको शान्तिलाई खलल पार्न खोजेको पर्याप्त आधार र सवुत नभै निवारक नजरवन्दमा राख्न पाइने छैन। कानून विपरित रिसइविले कसैलाई नजरवन्द राखेमा उसले कानूनद्वारा तोकिएको क्षतिपूर्ति पाउने छ।

६. सूचनाको हकः प्रत्येक नेपालीलाई सार्वजनिक महत्वको कुनै पनि सूचना प्राप्त गर्ने अधिकार छ।

७. सम्पत्तिको हकः प्रत्येक नेपालीले सम्पत्ति आर्जन गर्न, भोग चलन गर्न र वेचविखन गर्न पाउँछ।

८. संस्कृति तथा शिक्षा सम्बन्धि हकः नेपालमा वसोवास गर्ने प्रत्येक समुदायले आफ्नो भाषा-लिपी र संस्कृतिको संरक्षण गर्न पाउँछ।

९. धर्म सम्बन्धी हकः प्रत्येक नेपालीले सनातनदेखि चलिआएको आफ्नो धर्म मान्न पाउँछ। कसैले कसैको धर्म परिवर्तन गर्न पाइदैन।

१०. शोषण विरूद्धको हकः

- कसैले कसैलाई वेचविखन गर्न, दास तुल्याउन तथा बाँधा बनाउन पाउँदैन।
- कसैले पनि कसैलाई इच्छा विरूद्ध काम गराउन पाउँदैन।
- नावालकलाई काममा लगाउन पाउँदैन।

११. देश निकाला विरूद्धको हकः जतिसुकै अपराध गरेपनि कुनैपनि नागरिकलाई देशबाट निकाला गर्न पाइदैन।

१२. गोपनियताको हकः कुनै पनि व्यक्तिले आफ्नो गोपनियता कायम राख्न पाउँछ।

१३. संवैधानिक उपचारको हकः कुनै पनि नागरिकले आफ्नो अधिकार खोसिएको खण्डमा वचाउको लागि सिंधै अदालतमा उजुरी गर्न पाउँछ। यसलाई उपचारको हक भनिन्छ।

माथिका अधिकारहरू नेपालको संविधान ०४७ को भाग ३ को धारा-११ देखि २३ सम्ममा उल्लेख गरिएका छन्।

अधिकारको रक्षा

अधिकारको रक्षा भनेको के हो ?

कसैले कुनै चीज जवर्जस्ती खोस्यो भने, अथवा कसैले कुनै चीजमाथि दखल गर्न आट्यो भने त्यसलाई जोगाउनु या प्राप्त गर्नुलाई रक्षा भन्दछन्। मानिसका अधिकारहरूलाई कसैबाट खोसिन नदिएर जोगाउनु अथवा खोसिएका भए फेरी प्राप्त गर्नुलाई मानवअधिकारको रक्षा भनिन्छ। अहिले पनि मानिसहरूले पाउनु पर्ने जति सवै अधिकारहरू पाउन सकेका छैनन्। एउटाले अर्कोमाथि थिचोमिचो गर्ने काम जारी नै छ। संविधानले सवै मानिस वरावरी हुन भनेर भनिसकेपछि पनि - धनीले गरीवलाई, एउटा जातले अर्को जातलाई, पुरूषले महिलालाई, हेप्ने चलन गएकै छैन। इज्जतसाथ वाँच्न पाउनु मानिसको जन्मसिद्ध अधिकार हुँदाहुँदै पनि रोजगारी नपाएर, भरपेट खान नपाएर, वास नपाएर, उपचार नपाएर, शान्ति र सुरक्षा नपाएर मानिसहरू तड्पी रहेका छन्। अहिले पनि धेरै जसो मानिसका अधिकारलाई कही व्यक्तिहरू, कही समुह, कही स्वयं राज्यले खोस्ने काम वन्द भएको छैन। तयसैकारण अधिकारको रक्षा गर्नु आवश्यक भएको हो।

अधिकारको रक्षा कसले गर्ने ?

चितुवाले वाख्राको रक्षा गर्न नसके जस्तै अधिकार खोस्नेले अधिकारको रक्षा गर्न सक्तैन। अधिकार रक्षाको निम्ति अधिकार खोसिएका मानिसहरू आफै सजग हुनु पर्छ। अर्कोले आफ्नो अधिकार जोगाई दिन्छ भनेर आफू सुत्नु ज्यादै ठूलो भूल हो ।

अधिकार रक्षा कसरी गर्ने ?

मानव अधिकार
मानव अधिकार
हाम्रो माग पुरा
हुनु

पहिलोः हामी सबैले आफ्ना अधिकार के के हुन् भनेर थाहा पाउनु पर्छ।

दोस्रोः हामी कसैले पनि आफ्ना अधिकार उपभोग गर्दा अरूको अधिकार खोस्नु हुदैन।

तेस्रोः अधिकारको बारेमा थाहा पाउनेहरूले थाहा नपाउनेहरूलाई बताउनु पर्छ।

चौथोः एक्ला एक्लै कुनैपनि काम गर्न गाह्रो हुन्छ। मानिसहरू मिलेर गरे काम सजिलै सफल हुन्छ। अधिकारको रक्षा पनि एक्ला-एक्लै गर्न सकिन्न। त्यसैकारण अधिकार के के हुन् भनेर थाहा पाएका मानिसहरू मिलेर समूह बनाउनु पर्छ। अधिकार कसरी जोगाउनु पर्छ भन्ने कुरा समुहमा छलफल गरेर तय गर्ने बानी बसाल्नु पर्छ यसले एकको निम्ति सबै र सबैको निम्ति एक हुने भावनाको विकास गर्छ।

पाँचौः मानिसका अधिकार खोस्नेहरू को को हुन् - खुट्याउनु पर्छ र चिन्नु पर्छ। सचेत समूहले पहिले अधिकार खोस्नेहरूलाई त्यसो नगर्ने चेतावनी दिनुपर्छ। त्यसो गर्दा नभए जनताको सुरक्षा गर्न बसेको सरकारी निकाय समक्ष अधिकारको सुरक्षा गर्न जनाउ दिनुपर्छ। त्यसो गर्दा पनि नभए सचेत समूहले सबै जनतालाई एकजुट गरेर विरोध र आन्दोलन गर्नु पर्छ। संविधानले समेत यसो गर्ने छुट दिएको छ।

प्रश्नहरू

१. अधिकारको रक्षा गर्नु भनेको के हो ?
२. मानिसका अधिकार कसरी खोसिदै छन् ?
३. अधिकार कसले खोस्छ ?
४. अधिकारको रक्षा कसले गर्ने ?
५. समूह किन बनाउनु पर्छ ?
६. के के गर्दा अधिकारको रक्षा हुन सक्छ ?

इन्सेक अभियान

इन्सेक भनेको के हो ?

इन्सेक भनेको एउटा मानवअधिकारवादी संस्थाको नाम हो। यसको पूरा नाम अनौपचारिक क्षेत्र सेवा केन्द्र हो। स्व. प्रकाश काफ्ले र सुशील प्याकुरेलको सक्रियतामा ०४५ सालमा यो संस्थाको स्थापना भएको हो।

इन्सेक के चाहन्छ ?

कसैले कसैलाई ठग्न नपाउने, हेप्न र थिचोमिचो गर्न नपाउने, सबैले शान्तिपूर्वक बाँच्न पाउने समाज हुनुपर्छ भन्ने इन्सेकको चाहना छ। यस्तो समाजलाई समतामूलक समाज भन्दछन्। यसको निम्ति इन्सेकले सबैमा मानवअधिकार आचारणको विकास गर्नु र मानवअधिकारको रक्षा गर्नुलाई आफ्नो उद्देश्य बनाएको छ।

इन्सेक के काम गर्दैछ ?

इन्सेक अहिले मुख्यत तीन किसिमका कामहरू गर्दैछ -

(क) पहिलो - ग्रामिण इलाकामा मानवअधिकार शिक्षा सञ्चालनको काम।

पीडित मानिसहरू जबसम्म आफ्नो अधिकार प्रति सचेत हुँदैनन् तबसम्म मानवअधिकारको रक्षा र विकास हुन सक्तैन। आफ्नो अधिकार आफै खोज्नु पर्छ र कतैबाट अधिकार उल्लंघन भए त्यसको विरोध गर्न अगाडि बढ्नु पर्छ। जनता आफै मालिक हुन्। यो इन्सेकको धारणा हो। यही धारणाको आधारमा इन्सेकले पीडित जनसमुदायको बीचमा

इन्सेकको कामको शैली कस्तो छ ?

शैली भनेको कामको तरिका हो। इन्सेकले आफ्नो कामको तरिकालाई तल लेखिए अनुसार निर्धारण गरेको छ –

१. मानवअधिकारको कामलाई शहरमा होइन गाउँमा केन्द्रित गर्ने

२. वक्तव्य, सेमिनार, गोष्ठी, तथ्यांक प्रकाशन भन्दा पीडित समुदायको जागरण र आन्दोलनलाई कामको मुख्य अंश ठान्ने

३. पीडित समुदायलाई लक्षित समुदाय किटान गर्ने

४. मानवअधिकारको कामलाई आक्कल झुक्कल कहिले काही गरिने कामको रूपमा नभएर जनताको सरोकारको निम्ति गरिने नियमित कामको रूपमा लिने

५. पीडित पक्षसंग प्रत्यक्ष र नियमित सम्पर्क कायम गर्ने

६. कामको थालनी समस्या ग्रस्त क्षेत्रबाट गर्ने।

इन्सेक अभियान के हो ?

इन्सेक पूर्ण अधिकारको पक्षमा छ। पूर्ण अधिकार प्राप्तिको निम्ति इन्सेकद्वारा गरिने काम र अपनाइने शैलीलाई नै इन्सेक अभियान भनिएको हो। यो लगातार अघि बढीरहेको छ।

छोटकरीमा भन्ने हो भने पीडित जनसमुदायको सचेत पहलमा मानवअधिकार आन्दोलन जारी राख्नु र मानवअधिकार रक्षाको निम्ति रचानात्मक काम गर्नु नै इन्सेक अभियान हो।

शिक्षकहरुको लागि

शिक्षकहरुको लागि

१. दायित्वको सम्बन्धमा

(क) कैयौं जिल्लाहरूमा साक्षरताको माध्यमबाट अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार शिक्षा संचालन गर्दैछ। यसमा मानवअधिकार शिक्षकको रूपमा मानवअधिकार कार्यकर्ताहरूको सकृय सहभागिता रहेको छ। शिक्षकहरूको यो सहभागिता नै सफलताको मूल आधार पनि हो। शिक्षाहरू अस्पष्ट भए या निस्कृय रहे कार्यक्रमको सफलताको कुनै गुंजाइस रहने छैन। यसैकारण मानवअधिकार शिक्षकहरूले वुझ्नै पर्ने सवभन्दा पहिलो कुरा के हो भने - अक्षर चिन्हाउनु मुल काम होइन - मूल काम हो अधिकारको पहिचान गराउनु। साक्षरता त माध्यम मात्रै हो। साक्षरता - साक्षरताको निम्ति होइन अधिकारको निम्ति साक्षरता - हाम्रो नारा हो। कति मानिसहरूले अक्षर चिनेभन्दा पनि - कति मानिसहरू आफ्नो अधिकारप्रति सचेष्ट रहे भन्ने कुरा हाम्रो सरोकारको विषय हो - यो नबुझ्दा मानवअधिकार शिक्षा कार्यक्रम राम्ररी संचालन हुन सक्तैन।

(ख) मानवअधिकार कार्यकर्ता या शिक्षक तलवी कर्मचारी होइन। उ स्वयंसेवी कार्यकर्ता हो - जनताको मान्छे हो र जनताको निम्ति हो। जनताको सुख दुःख - उसको सुख दुःख हो र हुनुपर्छ। यसैले जनपक्षीय दृष्टिकोण उसको दृष्टिकोण हो। यस्तो सोचाई नरहँदा मानवअधिकार शिक्षकले जनताको निम्ति खुलेर काम गर्न सक्तैन। यसैकारण शिक्षकले जनपक्षीय दृष्टिकोण निर्माण गर्नु अत्यन्तै जरूरी छ। चिन्तनमा प्रगतिशीलता र व्यवहारमा जनपक्षीय शैल लिनु पनि मानवअधिकार कार्यकर्ताको दायित्वभित्र पर्ने अर्को विषय हो।

(ग) कतिपय ठाउँमा मानवअधिकार कार्यकर्ताको काम बारे भ्रमहरू पैदा भएका छन्। तथ्यांक वटुल्नु, फोटो खिच्नु, स्थितिको टिपोट राख्नु र पर्यवेक्षण गर्नुलाई मात्र मानवअधिकार कार्यकर्ताको काम मान्न थालिएको छ। तर कुरा यसो होइन। मानवअधिकार कार्यकर्ता भनेको खाली स्थितिको टिपोट राख्ने, सर्वेक्षण गर्ने, तथ्यांक संकलन गर्ने मान्छे मात्र होइन उ आन्दोलनकारी हो र संगठक पनि हो। ग्रामिण इलाकामा भएका मानवअधिकार उल्लंघनका विरूद्ध उसले आवाज उठाउनु पर्छ, र जनसमुदायलाई एकजुट गर्न या गोलवन्द गर्न सकृय पहल गर्नु पर्छ। सम्बन्धित पक्षको ध्यान आकर्षण गर्ने सवभन्दा पहिलो जिम्मेवारी मानवअधिकार कार्यकर्ताकै हुनुपर्छ।

(घ) दायित्वभित्र पर्ने अर्को एउटा महत्वपूर्ण विषय छ - त्यो हो जनतासंग घुलमिल हुने विषय। हामी खाली आकाश र धरतीमा होइन जनता वीचमा काम गर्दै छौं र जनताको निम्ति काम गर्दैछौं। वडाहाकिमी वा पर्यटक मार्काको शैलीले जनताको मन जित्न सकिन्न। जनताको मन नजिते जतिसुकै राम्रा भएपनि हाम्रो कुरा जनताले ग्रहण गर्ने छैनन्। जनसमुदायको सजिलो मान्छे वन्ने शैली नै घुलमिलको शैली हो। त्यसैकारण विनम्र भएर सिक्नु र सिकाउनु, जनतालाई पाच्य हुने खालको रहन सहनमा रहनु तथा मानवअधिकार आन्दोलनलाई निरन्तर प्रक्रियाको रूपमा ग्रहण गर्नु मानवअधिकार शिक्षकको निम्ति प्राथमिक र अनिवार्य विषय ठान्नु पर्छ।

२. पाठ्य पुस्तक अध्ययन गराउने सम्बन्धमा

मानवअधिकार शिक्षा संचालन गर्दा प्रशिक्षार्थीहरूलाई तोकिएको समयमा आवश्यक पर्ने प्राथमिक तहका ज्ञानहरू सिलसिलावद्ध ढंगले सिकाउन सकियोस र त्यसको व्यवहारमा उपयोगिता देखियोस भन्ने हेतुले पाठ्य पुस्तक तयार गरिएको हो। तर यो त सीमामित्र हिड्ने एउटा आधार मात्रै हो - पुस्तक सवै कुरा होइन। शिक्षकले पुस्तकलाई उपयोग गरेर वालिग विद्यार्थीहरूलाई धेरै कुरा आफै बताउन सक्नु पर्छ - यसो नहुँदा अक्षर मात्र जानेका हाम्रा विद्यार्थीहरूले आफै पुस्तकबाट धेरै कुरा सिक्न संभव छैन। यसको निम्ति तलका कुराहरूमा ध्यान पुऱ्याउन जरूरी छ -

(क) हाम्रा विद्यार्थीहरू

हाम्रा विद्यार्थीहरू श्रमजिवी जनताहरू हुन् - ती पीडित छन्। स्कूल र क्याम्पसको शिक्षाबाट ती अपरिचित छन् र तिनीहरू अक्षर मात्र चिन्दछन्। पढाई उनीहरूको मूल पेशा होइन।

(ख) हाम्रो समय

जनताको समय हाम्रो समय हो। हाम्रो समय जनताको समय हुन सक्तैन। अहिले सम्मको अनुभवमा २ घण्टाभन्दा ज्यादा त्यो उपयोगी देखिएको छैन।

(ग) सिकाउनु पर्ने कुराहरू

मानवअधिकार शिक्षा भनेको मानवअधिकारको परिभाषा तथा घोषणापत्रहरूका वाक्यहरू कण्ठाग्र गराउनु मात्र होइन - जीवन उपयोगी सामाजिक ज्ञानवारे प्रशिक्षित गर्नु हो। मानवअधिकार शिक्षा प्राप्त गरिसकेका हाम्रा विद्यार्थीहरू कम्तिमा पनि तलका कुराहरूमा स्पष्ट हुनुपर्छ -

- मानिस र पशु वीचको भिन्नता - रूप, रंग र आकारको मात्र भिन्नता होइन - विवेक र प्रतिष्ठा वीचको भिन्नता हो, आचरणको भिन्नता हो। मानिस हुनु भनेको ज्यादै गर्वको विषय हो।
- सभ्यताका मालिक भनेका राजा र महाराजाहरू होइनन्, एक वा दुई कुनै प्रतिभाशाली भनिने व्यक्तिहरू पनि होइनन् ती त श्रमजीवि जनताहरू नै हुन्।
- आत्महिनता गलत कुरा हो - शक्ति जनताभित्रै छ। अन्ध विश्वास र रूढीवादले जनतालाई कम्जोर वनाउनेछ र टाठा-वाठा र जालझेल गर्नेहरूलाई वलियो वनाउँछ। प्रमाणित कुराहरूमात्र साँचा हुन्।
- अधिकार भनेको जीवनका आवश्यकताहरू हुन र ती सवैको लागि हुन्। अधिकार कसैले दिने र लिने कुरा होइन पाउने र पाउनै पर्ने कुरा हो। मानिस सवै मानिस हुन - मालिक र नोकरको अवधाराणा नै गलत हो।
- आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकार खोस्न हुँदैन। अधिकारको रक्षा जनताको एकताले मात्र हुन सक्छ।

(घ) पाठ्य योजना

पुस्तकमा सत्र वटा पाठहरू छन्। सिंगै पुस्तक अध्ययन गरिसक्दा हाम्रा विद्यार्थीहरूले भरसक माथिका कुरा सिक्न र गातिविधि गर्न सकुन भन्ने ध्येयले पाठहरू तय गरिएको छ। तर पढाउनुभन्दा अगाडि प्रत्येक पाठको अलग-अलग पाठ्य योजना नवनाई पढाउने हो भने पुस्तक उपयोगी हुँदैन। त्यसैले तल लेखिएको खाकामा प्रत्येक पाठको पाठ्य योजना बनाउनु पर्छ।

- पाठको नामः
- मितिः समयः
- पाठ पढि सकेपछि सिकिने कुराहरूः

१.

२.

३.

४.

- प्रशिक्षण विधि (पढेर - सुनाउने, छलफल गर्ने, प्रश्नोत्तर आदि)
- अभ्यासको निम्ति दिइने प्रश्नहरूः

१.

२.

३.

४.

- सामग्रिः

१.

२.

३.

४.

(ङ) स्व-अध्ययन

गुरू हुनभन्दा पहिलो चेलो हुनुपर्छ भन्ने एउटा भनाई छ। यो सत्य पनि हो। हामीले छलफल गर्ने पाठ पहिले आफैं राम्ररी पढ्नु पर्छ र तयारी साथ कक्षामा जानुपर्छ। किनभने आफूलाई स्पष्ट भएको कुरामात्र अरूलाई स्पष्ट गर्न सकिन्छ। आफू उभिन नसक्नेले अरूलाई कुदाउन सक्तैन भनेको कारण नै यस्तै हो।

(च) ध्यान आकर्षण (मोटिभेसन)

हामीले जतिसुकै मेहनत गरेर पढाए पनि विद्यार्थीहरूले हाम्रो कुरा प्रति ध्यान दिएन भने हामीले बुझाउन खोजेको कुरा - बुझाउन सक्तैनौ र कक्षा उपलब्धी शुन्य हुन जान्छ। त्यसैकारण कक्षामा कोही ननिदाउन्, खासाक खुसुक नगरून्, हाम्रो कुरा ध्यानपूवर्क सुनुन् र छलफलमा भाग लिउन् भन्नको निम्ति सर्वप्रथम विद्यार्थीहरूमा चासो जगाउनै पर्छ। चासो नजाग्दासम्म विषय वस्तुको थालनी गरेर केही अर्थ हुदैन। हाम्रो उद्देश्य औपचारिकता पूरा गर्न हाजिरी बजाउनु होइन - आवश्यक कुराहरू प्रति जनसमुदायलाई राम्ररी अवगत गराउनु हो। चासो जगाउने विभिन्न तरिकाहरू हुन सक्छन् - मूल कुरो ध्यान आकर्षण हो। आ-आफ्नो ठाउँमा ध्याना आकर्षणको आ-आफ्नो तरिका हुन सक्छ। खोज गर्नु र त्यसको प्रयोग गर्नु पर्छ।

(छ) भाषाको प्रयोग

भाषा र शव्दहरू अप्ठयारो भए विद्यार्थीहरूलाई वुझ्न गाह्रो हुने हुँदा सिक्नु पर्ने कुरामा नैराश्य जाग्न सक्छ। त्यसैकारण भाष र शव्दहरू जनताले वुझ्ने गरी प्रयोग गर्नु पर्छ। एक पटक प्रयोग गरेको भाषा र शव्द नवुझेको जस्तो लागे फेरी दोहोऱ्याउनु जरूरी छ। शिक्षकले भनेको कुरा विद्यार्थीहरू वुझिरहेका छन् या छैनन् भन्ने कुरा पत्ता लगाउने काम शिक्षक को नै हो। आफूले नवुझे पनि "यो कुरा बुझेनौ" भन्न विद्यार्थीहरूलाई गाह्रो पर्छ।

३. पाठ्य पुस्तकसंग सम्बन्धित केही नोटहरू

दोश्रो चरणमा भएका मानवअधिकार आन्दोलन बारे

(क) फिराउन् विरोधी लडाईः

यो मिश्र भन्ने देशको कुरा हो। आजभन्दा झण्डै चार हजार वर्ष अघि (इ.पू. १७५०) मिश्र देशमा एउटा राजा थियो - उसलाई फिराउन् भनिन्थ्यो। फिराउन् भन्ने राजा धेरै अत्याचारी र निर्दयी थियो। फिराउन्को शासन भनेको इश्वरले स्थापना गरेको शासन हो त्यसैले उसको विरोध गर्नु हुदैन भनेर उसका पुरेतहरू प्रचार गर्थे। तर अत्याचारमा पिल्सिएका दास मानिसहरूले यो कुरो मानेनन्। इ. पु. १७५० मा फिराउनको विरोधमा ठूलो विद्रोह भयो। विद्रोही मानिसहरूले फिराउन्का धेरै अधिकारीहरूलाई हत्या गरिदिए, कर जम्मा गर्ने कागजहरू नष्ट गरे र सम्राटलाई समेत पक्रिए। दासहरूले मिश्र देशको राजधानी नै कब्जा गरे। तर यो धेरै दिनसम्म टिकेन।

(ख) तीनचान भाईको विद्रोह

इस्वी सम्वत् १८४ ताकाको कुरा आजभन्दा अठारसय एघार वर्ष अगाडिको चीनको घटना हो। त्यो वेला चीन देशमा हान वंशको सम्राटले शासन गर्थ्यो। शासन स्वेच्छाचारी थियो र दास तथा किसानहरूमाथि धेरै ठूलो शोषण थियो। अत्याचार खप्नै नसकेर लाखौं दास र किसानहरूले सम्राटलाई उल्टाएर फाल्न विद्रोह गरे। यो विद्रोहको नेता तीनचान भाई भनेर कहलिएका कमाराहरू थिए।

त्यसैले यसलाई तीन चान भाइको विद्रोह पनि भनिन्छ।

विद्रोह शुरू हुनभन्दा अगाडि नै कुरा खुलेकोले सम्राट्ले हजार जना जति विद्रोही मानिसहरूलाई शुरूमै मृत्युदण्ड दियो। तर लडाई रोकिएन। विद्रोह देशको सवै मध्यवर्ति भागमा फैलिएर गयो। विद्रोहीहरूले कयौ नगरहरू कब्जा गरे र दासहरूलाई मुक्त पनि पारे। तीन चान भाई लडाई मै मारिए। यो विद्रोह छिटपुट रूपमा २० वर्ष सम्म चल्यो तर मालिकहरूको शक्ति ठूलो भएको कारण - जित मालिकहरूकै भयो। भनिन्छ - त्यो लामो विद्रोहमा पचार हजार जति मानिस नदी र दलदलमा डवेर मरे र एक लाख जति मानिस लडाईमा मारिए।

(ग) रोमको दास विद्रोह

रोम इटली भन्ने देशको राजधानी हो। त्यहाँ आजभन्दा दुई-अढाई हजार वर्ष अघि दास प्रथा थियो। राज्य र सरकार मालिकहरूको हातमा हुन्थ्यो र दासहरू भनेका मालिकको सेवा गर्ने मेशिन जस्ता हुन्थे। त्यो बेला मालिकहरूको हातमा रहेको राज्यले दासहरूमाथि थोपरेको अत्याचारको कथा सहनै नसक्ने खालको छ। दासहरू किनवेच गरिन्थे। यसका लागि ठूला-ठूला बजारहरू नै थिए। इजियन सागरको डेलोस नामको द्विप सवभन्दा ठूलो बजार गनिन्थ्यो त्यहाँ एक दिनमा दशहजार दासहरू किनवेच हुन्थे। किनिएका दासहरूलाई काम गर्न नसक्ने भएपछि कुनै उजाड टापूमा लगेर फ्याँकिन्थ्यो जहाँ उनीहरू भोक भोकै मर्थे। काममा गल्ति गर्ने तथा अपराध गरेको ठहऱ्याईएका दासहरूलाई मालिकहरूले तरुतामा किला ठोकेर घाममा सेकाई-सेकाई मार्ने चलन थियो। दासहरूलाई मारे वापत कुनै दण्ड हुँदैनथ्यो। खाइलाग्दा तथा मोटाघाटा दासहरूलाई अखडामा जवर्जस्ती लड्न लगाएर लमासा हेर्नु मालिकहरूको मनोरंजनको मुख्य साधन हुन्थ्यो।

रोमको कापुआ भन्ने नगरमा एउटा ठूलो ग्लेडिएटर जेल प्रशिक्षण गृह थियो। ग्लेडिएटर प्रशिक्षण गृह भनेको मोटाघाटा दासहरूलाई कुस्ति खेल्न लगाउने ठाउँ हो। कापुआ नगरमा रहेको प्रशिक्षण गृहका दासहरूले मालिकहरूको अत्याचारको विरोधमा विद्रोह गर्ने योजना वनाए। तर मालिकका पालेहरूले थाहा पाएको हुनाले केही ग्लेडिएटरहरू (कुस्ती खेल्ने वलिया दासहरू) त्यहीं मारिए र केही भाग्न सफल भए। भाग्न सफल भएका दासहरू विसुवियस भन्ने पहाडमा गएर छुपे र विद्रोहको तयारीमा लागे। विद्रोहका नेता स्पार्टाकस नामका दास थिए। यो कुरा इ.पु. ७४ को हो। विद्रोहको निम्ति दासहरूले आफ्ना नेताको अगुवाईमा एउटा वलियो दास सेना गठन गरे। दासहरूको यो सेनाले मालिकहरूको विरोधमा लडाई गऱ्यो र हजारौंको संख्यामा मालिकका सेनाहरूलाई नष्ट गरिदियो। लडाई चार वर्षसम्म चल्यो। स्पाटाँकस लड्दा-लड्दै मारिए। दासहरूको शक्ति मालिकहरूको भन्दा कम्जोर भएको तथा लडाईपछि के गर्ने भन्ने कुनै योजना नभएको कारण दासहरूले लडाईमा हार्नु पऱ्यो। लडाई टुंगिएपछि मालिकहरूले ६ हजार दासहरूलाई गाडीएका तरुताहरूमा किला ठोकेर हत्या गरे।

(घ) वेलायती म्याग्नाकार्टा १२१५ ई

सात सय असी वर्ष अगाडि अर्थात १२१५ ई. को कुरा। वेलायतका जनताले त्यहाँङ चलेको स्वेच्छाचारी शासनको विरोधमा आन्दोलन चलाए र आफ्ना अधिकारहरूको माग गरे। त्यो बेला वेलायतमा राजा जोन शासनमा थियो। राजा जोनलाई जनताको आन्दोलनले झुकाई छाड्यो। राजाले जनताको अधिकारपत्रमा हस्ताक्षर गर्नु पऱ्यो। राजाले हस्ताक्षर गरेको त्यो अधिकारपत्रको दस्तावेजलाई म्याग्नाकार्टा भनिन्छ। म्याग्नाकार्टामा तलका कुराहरू उल्लेख गरिएका छन् -

- कानून सवैभन्दा माथि हुने
- न्याय प्रणाली निष्पक्ष र स्वतन्त्र रहने
- कानून बनाउने अधिकार जनताले चुनेका प्रतिनिधिहरू (संसद) लाई मात्र रहने
- संसदको निर्णय विना कर उठाउन नपाइने
- कानूनी आधार विना कसैलाई थुनामा राख्न नपाइने

(ङ) १३८१ ई. मा भएको लण्डनको किसान विद्रोह

छ सय चौध वर्ष अगाडिको कुरा हो। वेलायतको उत्तरी भागमा रहेका केही गाउँका किसानहरूले जमिन्दारी अत्याचारको विरूद्धमा ठूलो लडाई लडे। किसानहरूले तीर कमानले लैस भएको ठूलो सेना बनाए र ठूला-ठूला जमिन्दारहरूको जेथामाथि हमला

शुरू गरे। उनीहरूले कर तिर्न इन्कार गरे, कर उठाउने राजाका अधिकारीहरूलाई गाउँबाट घपाई दिए र करदाताहरूको नाम लिष्टलाई नष्ट पारे। विद्रोह फैलिदै गयो। विद्रोही किसानहरू राजधानी लण्डनमा प्रवेश गरेर राजाका सल्लाहकारहरूलाई मार्न शुरू गरे। भनिन्छ राजा भागेर अन्यत्रै ठाउँमा शरण लिन पुगे। यो विद्रोहका नेता वाट टाइलर नाम गरेका व्यक्ति थिए। उनी गाउँका साधारण दस्तकार हुन्। आन्दोलनकारी किसानहरूले तलका मागहरू राखेका थिए -

- वेलायतमा सबै मानिसलाई बराबरी अधिकार दिइयोस्,
- भविष्यमा कसैलाई भूदास नबनाइयोस्,
- आफ्नो इच्छा विना कसैलाई जबर्जस्ती काम नलगाइयोस्,
- सामन्तले कब्जा गरेको जंगल र चरन किसानलाई फिर्ता गरियोस्,
- चर्चको जमीन किसानलाई बाँडियोस्।

माथिका मागहरू राखी आन्दोलन गर्ने किसानको घेराउमा परेका राजाले वार्ता गर्न सहमति जाहेर गरे र माग पुरा गर्ने आश्वासन दिए। राजाको कुरामा विश्वास गरेर किसानहरू आफ्ना नेता बाटटाइलरलाई वार्ता गर्न छोडि सबै तितर बितर भए। तर राजाले विश्वासघात गरी वार्ताको निम्ति आएका वाट-टाइलरलाई मौका छोपी हत्या गरे। नेताको अभावमा आन्दोलन असफल भयो।

(च) वेलायतको गौरवमय क्रान्ति

कुरो तीन सय वर्ष अघि अथवा सन् १६८८ को हो। त्यो बेला वेलायतको राजा जेम्स द्वितीय थियो। उ अति निरंकुस तथा स्वेच्छाचारी भएको कारण वेलायतमा पहिले प्राप्त भएका जनताका अधिकारहरूलाई समेत् खोसेर निरंकुस राजतन्त्रको पुनः स्थापना गर्ने प्रयत्नमा लाग्यो। तर संसदले राजाको विरोध गऱ्यो। जेम्स द्वितीयलाई सदाकालागी गद्धिबाट हटाईदियो। जेम्स द्वितीय ठाउँमा विलियम तृतीय र उसकी श्रीमती मेरी शासनमा वसालिए। वेलायतमा राजा संवैधानिक भयो। १६८८ मा भएको यो घटनालाई वेलायतको गौरवमय क्रान्ति भनिन्छ।

१६८८ मा भएको यो फेरवदलको एक वर्षपछि वेलायतको संसदले एउटा अधिकारपत्र पारित गऱ्यो। अधिकारपत्रमा तलका कुराहरू छन् -

- राजामा रहेको दैवी अधिकारको सिद्धान्तलाई अन्त्य गर्ने
- संसद सर्वोच्च रहने
- कानूनको सर्वोच्चता कायम गर्ने
- संसदको स्वीकृति विना कर उठाउन नपाइने
- संसदको स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्ने
- न्यायापालिका स्वतन्त्र रहने
- अमानवीय शारीरिक दण्डमाथि प्रतिवन्ध लगाउने।

माथिको अधिकारपत्र मानवअधिकार आन्दोलनको एउटा राम्रो प्रतिफल थियो।

(छ) अमेरिकी संविधानमा थपिएको अधिकारपत्र सन् १७९१

अमेरिका पहिले वेलायतको अधीनमा थियो। २२५ वर्ष अगाडी अर्थात सन् १७७० मा अमेरिकाका न्यायप्रमी जनताले वेलायतको अधीनमा नवस्ने लडाई शुरू गरे। ६ वर्ष सम्म वेलायतको विरूद्धमा लडेपछि अमेरिका स्वतन्त्र भयो। स्वतन्त्र भएको सात वर्षपछि अर्थात सन् १७८३ मा अमेरिकालाई अलग राज्यकोरूपमा मान्यता प्राप्त भयो। त्यसको चार वर्ष पछि अर्थात सन् १७८७ मा अमेरिकामा पहिलो संविधान बनाइयो। तर त्यो संविधानमा मानवअधिकारका आवश्यक कुराहरू थिएनन्। जनताले दवाव दिएपछि संविधान बनेको चार वर्षपछि अर्थात सन् १७९१ मा अमेरिकाको संविधानमा अधिकार पत्रको रूपमा १० वटा वूँदा थप गरिए। त्यसमा मुख्य वूँदाहरू निम्न छन् -

- अभिव्यक्तिको स्वतन्त्रता,
- स्वेच्छाचारी तथा गैरकानूनी थुनाको विरूद्ध बन्दी प्रत्यक्षीकरणको अधिकार,
- खानतलासी विरूद्धको अधिकार।

(ज) फ्रान्सेली मानवअधिकारको घोषण सन् १७८९

आजभन्दा करिव दुई सय ६ वर्ष अगाडिको कुरा - फ्रान्स भन्ने देशमा लुई सोह्रौ नामको सम्राट शासन गर्थ्यो। उ अत्याचारी र निरंकुस थियो। जनताहरूलाई कुनै अधिकार थिएन। फ्रान्सका जनताले निरंकुस सम्राटको विरोधमा ठूलो लडाई लडे। करिव १ वर्षसम्म चलेको लडाईबाट सम्राट झुक्यो। जनताका प्रतिनिधिहरूले विधानसभा गठन गरे। देशभरमा पुराना हाकिमहरूलाई हटाइयो र सुरक्षाको निम्ति नयाँ राष्ट्रिय गार्ड वनाउने काम भयो। त्यही बेला विधानसभाले मानवअधिकारको एउटा घोषणापत्र पारित गऱ्यो। घोषणपत्रमा तलका कुराहरू लेखिएकोछ -

- मान्छेहरू जन्मैदेखि स्वतन्त्र र समानताको हकदार हुन्छन् र जिन्दगीभर त्यस्तै रहन्छन्,
- स्वाधीनता, स्वतन्त्रता र भाइचारा।

तेश्रो चरणमा भएका मानवअधिकार आन्दोलन बारे

(क) लियोन शहरको विद्रोह - सन् १८३१

फ्रान्स युरोप महादेशमा पर्छ। लियोन फ्रान्सको एउटा शहरको नाम हो। लियोन शहर अठारौं शताब्दितिरै फ्रान्सको एउटा औद्योगिक शहर मैसकेको थियो त्यहाँ ठूला-ठूला कपडा कारखानाहरू थिए। कारखानामा काम गर्ने मजदूरहरूको संख्या ३० हजार भन्दा ज्यादा थियो। तर मजदूरहरूको अवस्था ज्यादै नाजुक थियो। आफ्नो नाजुक अवस्थालाई सुधार्नको लागि मजदूरहरूले कारखानाका मालिकहरूसंग कामको उचित ज्याला नभएको गुनासो गर्दै तलव बढाउने माग राखे। तर माग पुरा भएन। सन् १८३१ मा मजदूरहरू आन्दोलनमा ओर्लिए। सरकारले मालिकहरूको पक्ष लियो र मजदूरहरूको विरोधमा फौज तैनाथ गऱ्यो। उनीहरूको आन्दोलन दवाउन खोज्यो। मजदूरहरूले टेरेनन् र सरकारी फौजसंग तीन दिनसम्म भीडन्त भयो। सरकारी फौज पछि हट्न वाध्य भयो र १० दिनसम्म शहरलाई मजदूरहरूले कब्जा गरे।

(ख) फ्रान्सको - जुन विद्रोह १८४८

आजभन्दा १४७ वर्ष अगाडिको घटना। २२ जुन १८४८ का दिन फ्रान्सको राजधानी पेरिसमा लाखौं लाख मजदूरहरू रोजगारीको ग्यारेण्टीको माग गर्दै सडकमा उत्रिए र विद्रोहमा सामेल भए। त्यो वेलाको फ्रान्सको सरकारले विद्रोही मजदूरहरूको विरोधमा ठूलो सैनिक शक्ति खन्यायो। मजदूरहरूले नटेरीकन विद्रोहलाई जारी राखे। चार दिनसम्म मजदूर र सेनावीच दोहोरो भीडन्त भयो। मजदूरहरूको शक्तिले नभ्याएको हुँदा मजदूरहरू पछि हट्नु पऱ्यो। विद्रोह दवाइयो। भनिन्छ विद्रोहको अन्त्य भएपछि सरकारले २५ हजार मजदूरलाई पक्राउ गऱ्यो र ती मध्ये ११ हजारलाई गोली ठोकेर हत्या गऱ्यो। यो घटना विश्वकै निम्ति ठूलो घटना हो। जुन महिनामा भएको हुँदा यसलाई *"जुन विद्रोह"* भनेर चिनिन्छ।

(ग) पेरिस कम्युन १८७१

घटना १२४ वर्ष अगाडिको हो। त्यो बेला फ्रान्सका पीडित जनताहरू खास गरेर मजदूरहरू भुखमरी र वेरोजगारीले ज्यादै सताइएका थिए। फ्रान्सको सरकारले पीडित जनताहरूको लागि खानपीन, वसोवास, रोजगरीको कुनै व्यवस्था गर्न सकेन। यसले सचेत मजदूरहरूलाई ज्यादै आक्रोशित बनायो। १८ मार्च १८७१ का दिन (१२४ वर्ष अघि) फ्रान्सको राजधानी पेरिसका मजदूरहरूले सरकारको विरोधमा विद्रोह शुरू गरे। राष्ट्रिय गार्डले मजदूरहरूको विद्रोहलाई साथ दियो र अगुवाई गऱ्यो। सरकारले आफ्नो पक्षका सेना मजदूरको विरोधमा प्रयोग गऱ्यो तर सकेन। सरकार हाऱ्यो। मजदूरहरूले पेरिस कब्जा गरे। पेरिस कब्जा गरेको थोरै दिन भित्रमा कानून बनाउन र लागु गर्नका निम्ति ८५ जना भएको विधायिकाको चुनवा गरियो। ८५ जनामा आधा भन्दा ज्यादा मजदूरहरू नै चुनिएका थिए। ८५ जनाको त्यो विधायिकालाई पेरिस कम्युन भन्ने नाम राखियो। कम्युन ७२ दिनसम्म मात्र टिक्न सक्यो। त्यो समयमा कम्युनले गरेका मुख्य कामहरू निम्न वमोजिम थिए।

- पुरानो प्रशासन यन्त्रलाई फेरेर प्रशासनको नयाँ ढाँचा तयार गरियो,
- कर्मचारी, मजदूर र क्रम्युनका सदस्यहरूको तलव वरावरी वनाइयो,

- शिक्षा निशुल्क र अनिवार्य गरियो,
- श्रम समितिको गठन गरी पेरिसबाट भागेका पूँजिपतिहरूका कारखानाहरू मजदूरहरूलाई चलाउने जिम्म दिइयो,
- १ वर्षको घरभाडा माफी गरियो, सरकारी ऋणको व्याज माफी गरी तीन वर्षभित्रमा किस्तावन्दीले तीर्ने वन्दोवस्त गरियो,
- मजदूरहरूलाई पेरिसबाट भागेका पूँजिपतिहरूको घरमा डेरा दिइयो र अस्वस्थ्य कोठाबाट हटाइयो,
- मजदूरका छोराछोरीको निम्ति शिशुशाला र वाल उद्यानको व्यवस्था मिलाइयो ।

(घ) १ मई आन्दोलन

१०९ वर्ष अघि १ मईको दिन (१ मई १८८६) अमेरिकाको शिकागो भन्ने शहरका उद्योग धन्दामा काम गर्ने मजदूरहरूले पूँजिपतिहरूको विरोधमा एउटा ठूलो विद्रोह गरेका थिए। विद्रोहमा भागलिने मजदूरहरूको संख्या ५ लाख जति थियो। "आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन" हुनुपर्ने मजदूरहरूको माग थियो। अमेरीका र क्यानडा भन्ने देशका मजदूरहरूको संगठन को अगुवाईमा भएको यो आन्दोलनलाई **मई** आन्दोलन भनिन्छ। आन्दोलन चार दिनसम्म चल्यो। चार दिनपछि पूँजिपतिहरूको सरकारले आन्दोलनलाई नराम्रो गरी दवायो।

(ङ) रूसको अक्टोवर क्रान्ति

आजभन्दा अठहत्तर वर्ष अघिको घटना हो। १९१७ को २५ अक्टोवर। रूस भन्ने देशको औद्योगिक शहर पिटर्सवर्गका मजदूरहरूले राती २ बजे सरकारको विरूद्धमा ठूलो विद्रोह गरे। मजदूरहरू रोजीरोटी र शान्ति चाहान्थे। मजदूरहरूको विद्रोहलाई सेनाको एउटा हिस्साले साथ दियो। मजदूरहरूले आकाशवाणी तथा टेलिफोन अड्डा कब्जा गरे। सरकारले विद्रोही मजदूरको विरोधमा आफ्नो पक्षका सेनाहरू लडाईमा उताऱ्यो। केरेन्स्की नामका प्रधानमन्त्री सेनाको घेराउमा दरवारमा लुकेर वसे। २६ अक्टोवर दिनभरि लडाई चल्यो। तर मजदूरले कब्जा गरेका ठाउँ सरकारले फिर्ता गर्न सकेन। २६ अक्टोवरको साँझ ७ बजे एउटा जहाजी सेनाले सरकारको विरोधमा र मजदूरको पक्षमा विद्रोह गऱ्यो। जहाजी सेनाले दरवारमा तोपहरू पड्काउन थाल्यो। सरकार परास्त भयो-मजदूरहरूले जिते। भनिन्छ - सरकारका प्रधानमन्त्री केरेन्स्की आईमाइको भेषमा भागे। विद्रोहको नेतृत्व रूसको कम्युनिष्ट पार्टीले गरेको थियो। राती २.३० बजे १५ जनाको अस्थायी सरकार गठन गरियो। सरकारको प्रमुख - लेनिनलाई बनाइएको थियो। सरकारले आर्थिक सामाजिक अधिकार लागू गर्ने घोषणा गऱ्यो।

इन्सेक पुस्तक - ३२/१९९५

इन्सेक यतिखेर साक्षरताको माध्यमबाट मानवअधिकार शिक्षालाई अघि बढाइरहेको छ । जबसम्म आमजनता मानवअधिकार शिक्षाबाट सचेत हुँदैन तबसम्म मुलुकमा मानवअधिकारको पूर्ण वहाली, संरक्षण र विकास पनि सम्भव छैन । यही मूल अवधारणामा इन्सेक प्रतिवद्ध छ । इन्सेकले आफ्ना सबै कार्यक्रमहरु यसै अनुरुप कार्यान्वयन गर्दै आएको छ ।

मानवअधिकार सम्बन्धी अवधारणालाई सिलसिलावद्ध रुपमा बुझाउने सामाग्रीको हामीकहाँ अझै न्यूनता छ । प्रस्तुत पुस्तकले मानवअधिकारका सम्बन्धमा आधारभूत शिक्षा प्रदान गर्ने जमर्को गरेको छ ।